सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ जेठ २०८०, शनिबार (10 June 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक ५७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

पाथीभरादेखि चिसापानीसम्म केबलकारको लहर

०५५ मा देशमै पहिलो मनकामना केबलकार सञ्चालनमा आएको १८ वर्षपछि चन्द्रागिरिमा दोस्रो केबलकार चल्यो। तर, पछिल्लो समय पूर्वदेखि पश्चिमसम्मका डाँडाडाँडामा केबलकार सञ्चालनको लहर चलेको छ। अघिल्लो वर्ष दुई सञ्चालनमा आएकोमा यो वर्ष थप दुई चले। दुईवटा सञ्चालनको अन्तिम तयारीमा र सात निर्माणाधीन छन्।

नवीन अर्याल/नयाँ पत्रिका

पछिल्लो समय देशभरका हिल स्टेसनमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दो छ। त्यसैले पूर्वमा ताप्लेजुङको पाथीभरादेखि पश्चिम कैलालीसम्म केबलकार, होटेल, फनपार्कसहितका हिल स्टेसनमा निजी क्षेत्रले ठूलो लगानी गरिरहेको छ।

०५५ मा नेपालमै पहिलोपटक गोरखामा मनकामना केबलकार सञ्चालनमा आएको १८ वर्षपछि ०७३ मा मात्रै काठमाडौंको चन्द्रागिरिमा दोस्रो केबलकार सुरु भयो। चन्द्रागिरि केबलकारपछि नयाँ केबलकार सञ्चालनमा आउन अर्को पाँच वर्ष कुर्नुपऱ्यो। पछिल्लो समय भने डाँडाडाँडामा केबलकारको लहर नै चलेको छ। अघिल्लो वर्ष दुई केबलकार सञ्चालनमा आएकोमा यस वर्ष अन्य दुई थपिइसकेका छन् भने दुईवटा सञ्चालनको अन्तिम तयारीमा छन्। त्यस्तै, अन्य सात ठाउँमा कुनै निर्माणाधीन र कुनै निर्माणको तयारीमा छन्।

चन्द्रागिरि केबलकारकै सञ्चालक समूह आइएमई ग्रुप केबलकार व्यवसायमा सबैभन्दा आक्रामक बनेको छ। यही ग्रुपले बुटवलदेखि पाल्पाको वसन्तपुर र नवलपुरमा गैंडाकोटदेखि मौलाकालिका मन्दिरसम्म थप दुई केबलकार सञ्चालनमा ल्याइसकेको छ। बुटवल-वसन्तपुर केबलकार बिहीबारदेखि औपचारिक रूपमा सुरु भएको हो भने गैंडाकोट-मौलाकालिका केबलकार १८ वैशाखदेखि औपचारिक सञ्चालनमा आएको थियो। हपहपी गर्मी हुने २३० मिटर उचाइको बुटवल स्टेसनबाट चढेका यात्रु करिब १० मिनेटको यात्रामै अर्को स्टेसन ९४० मिटर उचाइको चिसो टाकुरा पाल्पा वसन्तपुर पुग्छन्। यस्तै, आइएमई ग्रुपको नेतृत्वमै ताप्लेजुङको पाथीभरा, कैलालीको लम्किचुहा र कास्कीको सिकलेसमा पनि केबुलकार बनाइँदै छ।

फागुन ०७८ मा पोखराको फेवातालदेखि सराङकोट पुग्ने अन्नपूर्ण केबलकार सञ्चालनमा आइसकेको छ। दोलखाको कुरी-कालिञ्चोक केबलकार पनि सुरु भइसकेको छ भने तनहुँको डुम्रे-बन्दीपुर केबलकार छिट्टै व्यावसायिक सञ्चालनमा ल्याउने

» पृष्ठ २ मा क्रमशः

■ मनकामनामा पहिलो केबलकार



मनकामना



चन्द्रागिरी



लुम्बिनी



कालिञ्चोक



अन्नपूर्ण



मौलाकालिका

वर्षमै थपिए चार केबलकार

आइएमईका मात्रै तीन सञ्चालनमा, तीन तयारीमा

कालिञ्चोक र सराङकोटमा पनि चल्यो केबलकार

सञ्चालनको अन्तिम तयारीमा बन्दीपुर र सिद्धार्थ केबलकार, **बन्दीपुरमा उद्घाटनकै दिन छिम्केश्वरी केबलकार शिलान्यास**

नवलपरासीको मौलाकालिका र रुपन्देहीको लुम्बिनी केबलकार सञ्चालनमा आइसकेको यो वर्ष अन्य दुई केबलकार पनि थपिँदै छन्। तनहुँमा बन्दीपुर केबलकार अहिले परीक्षणमा छ भने बुटवलको सिद्धार्थ केबलकार निर्माणको अन्तिम चरणमा छ।

■ कति छन्, कति बन्दै छन् ?

केबलकार	स्थान	लम्बाइ	रिसोर्टसहित लगानी
■ सञ्चालन			
मनकामना	कुरिनटार-गोरखा	३.२ किमि	१.५८ अर्ब
चन्द्रागिरि	थानकोट-चन्द्रागिरि	२.४ किमि	३ अर्ब
अन्नपूर्ण	फेवाताल-सराङकोट	२.४ किमि	२ अर्ब
कालिञ्चोक	दोलखाको कुरी-कालिञ्चोक	९ सय मिटर	४५ करोड
मौलाकालिका	गैंडाकोट-मौलाकालिका	१.२ किमि	२ अर्ब
लुम्बिनी	बुटवल-पाल्पा-वसन्तपुर	२.६ किमि	५ अर्ब
■ परीक्षणकाल			
बन्दीपुर	डुम्रे-बन्दीपुर	१.७ किमि	३ अर्ब
■ निर्माणाधीन			
सिद्धार्थ	बुटवल-पाल्पा नुवाकोट	१.९४ किमि	१ अर्ब
■ निर्माणको तयारी			
पाथीभरा	पाथीभरा मन्दिर, ताप्लेजुङ	२.५ किमि	३ अर्ब
जालपादेवी	कैलाली लम्किचुहा-मोहन्याल	३.१ किमि	५ अर्ब
सिकलेस	कास्कीको मादी गाउँपालिका	६.४ किमि	८ अर्ब
छिम्केश्वरी	तनहुँको छिम्केश्वरी मन्दिर	३.६ किमि	५ अर्ब
चम्पादेवी	चाल्नाखेल-चम्पादेवी	२ किमि	६ अर्ब
पोखरा-मुक्तिनाथ	पोखरा-पर्वत-म्याग्दी-मुस्ताङ	८६ किमि	५० अर्ब

■ केबलकार चलाउन अनुमति लिने होडबाजी

काठमाडौंको बुढानीलकण्ठ-शिवपुरी, ललितपुरको गोदावरी-फुल्चोकी तथा भक्तपुरको सूर्यविनायकमा केबलकार निर्माणको तयारी छ। पाथीभरामा केबलकार सञ्चालन गर्न झन्डै आधा दर्जन कम्पनीले अनुमति लिएका छन्। दिव्यदर्शन प्रालिले मुक्तिनाथ मन्दिर, स्वर्गद्वारी र पाथीभरा मन्दिर गरी तीन ठाउँमा सञ्चालनको अनुमति लिएको छ। यस्तै, सोलुखुम्बुमा १२ किमि लामो सगरमाथा रोपवे र घ्याम्पेफेदी-गोसाइँकुण्डमा पनि केबलकार सञ्चालन गर्न अनुमति लिइएको छ। तनहुँको बन्दीपुर र छिम्केश्वरी केबलकार निर्माण गर्ने समूह कास्की, स्याङ्जा र पर्वतको संगमस्थल पञ्चासेमा १० किमि लामो केबलकार बनाउने योजनामा छ।

हिल स्टेसनमा पर्यटकको आकर्षण छ

● **चन्द्र ढकाल**, अध्यक्ष, आइएमई ग्रुप



पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण हिल स्टेसनमा देखिएको छ। अझ भारतीय सीमानजिकैका झापादेखि कञ्चनपुरसम्मका पहाडलाई आकर्षक हिल स्टेसन बनाउन सके थुप्रै भारतीय पर्यटक ल्याउन सकिन्छ। सरकारले हिल स्टेसनमा लगानीकर्तालाई प्रोत्साहन गर्न सडक, बिजुली, पानीलगायत न्यूनतम पूर्वाधार बनाइदिनुपर्छ। आइएमई समूहले देशका सातवटै प्रदेशमा केबलकारसहितका हिल्स स्टेसन बनाउने घोषणा गरिसकेको छ। पर्यटकीय देश नेपालले वातावरण र वन्यजन्तु जोगाएर ठाउँ-ठाउँमा पर्यटकीय गन्तव्य बनाउनुपर्छ। बरु नीति कडा बनाउँ, तर पूरै रोक्नैपर्छ भन्ने मानसिकता त्यागौं। पर्यटनले पुऱ्याउने मल्टिपल फाइदा हेरिनुपर्छ। विदेशमा पनि ठाउँ-ठाउँमा हिल स्टेसन तयार पारेर पर्यटक आकर्षित गर्न सकिन्छ।

झन्नयाँ

आठ वर्षदेखि बगरमा वास

भूकम्पपीडितहरू १२७ पटक सिंहदरबार धाए, तर उनीहरूको पीडा कसैले सुनेनन्



रिपोर्ट

● शिवहरि घिमिरे

...त्यसपछि कुकुर बन्यो सहारा



समाज

● शान्ति तामाङ

मिटरब्याज 'आदिम सञ्चय'को नेपाली संस्करण

समाज

● राजेन्द्र खरेल



NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

प्रधानन्यायाधीशमा प्रस्तावित हरिकृष्ण कार्कीविरुद्ध २९ उजुरी

न्यायालय प्रवेशदेखि कार्यसम्पादन, आचरण र प्रधानन्यायाधीश सिफारिस प्रक्रियासम्ममा प्रश्न, डेढ महिनापछि स्वेच्छिक अवकाशमा जाने कार्कीलाई प्रधानन्यायाधीश बनाएर राज्य ढुकुटीमाथि भार नथप्न माग



कमलराज भट्ट/नयाँ पत्रिका

सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा प्रस्तावित वरिष्ठ न्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध २९ वटा उजुरी परेका छन्। संवैधानिक परिषद्बाट २५ वैशाखमा प्रधानन्यायाधीशमा सिफारिस भएका कार्कीविरुद्ध संसदीय सुनुवाइ समितिले १७ जेठमा सार्वजनिक सूचनामार्फत १० दिनको समय दिएर उजुरी आह्वान गरेको थियो।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार शुक्रबारसम्मको समयसीमाभित्र कार्कीलाई प्रधानन्यायाधीशमा अस्वीकृत गर्न २९ वटा उजुरी प्राप्त भएका छन्। पाँचवटा उजुरी इमेलबाट प्राप्त भएको र बाँकी लिखित आएको उनले बताए। कार्कीविरुद्ध बहालवाला जिल्ला न्यायाधीश श्रीकृष्ण भट्टराईले नै सुनुवाइ समिति सचिवालयमा उजुरी दर्ता गराएका छन्।

यसबाहेक अधिवक्ताहरू यादव कोइराला, अमृत खरेल, ध्रुवबहादुर श्रेष्ठ तथा अभियन्ता रतन भण्डारीलगायतले कार्की प्रधानन्यायाधीश पदका लागि कुनै हालतमा योग्य नभएको जिकिर गर्दै उजुरी दिएका छन्। 'परेका उजुरी समितिको आन्तरिक

» पृष्ठ २ मा क्रमशः

२९ जिल्ला न्यायाधीशका लागि दरखास्त आह्वान

■ आन्तरिक खुलाबाट १५ र खुलाबाट सातजना नियुक्ति हुने

■ **बाँकी महिला, आदिवासी जनजाति र मधेसी समूहबाट दुई-दुईजना तथा दलित समूहबाट एकजना नियुक्त हुने**

काठमाडौं/ न्यायपरिषद्ले पुनः जिल्ला न्यायाधीशका लागि दरखास्त आह्वान गरेको छ। परिषद्ले शुक्रबार एक सूचना निकाल्दै २९ जिल्ला न्यायाधीशका लागि दरखास्त आह्वान गरेको हो। परिषद्का अनुसार हाल जिल्ला तहमा ३७ न्यायाधीशको पद रिक्त छ।

सूचनाअनुसार आन्तरिक खुलाबाट १५ र खुलाबाट सातजनाको नियुक्ति हुनेछ। यसैगरी महिला, आदिवासी जनजाति र मधेसी समूहबाट दुई-दुईजना तथा दलित समूहबाट एकजना नियुक्त हुने गरी सूचना प्रकाशित भएको छ। सूचना प्रकाशित मितिले ३० दिनभित्र र दोब्बर दस्तुर तिरी थप सात दिनभित्र आवेदन दिन पाइनेछ।

नेपालको संविधानको धारा १४९ (२) को खण्ड (ख) र (ग) बमोजिम न्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढाइएको हो। खण्ड (ख) मा जिल्ला न्यायाधीशमा कुल रिक्त पदमध्ये ४० प्रतिशत पदमा न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाका आधारमा न्यायाधीश नियुक्त हुने उल्लेख छ। यसैगरी (ग) मा भने बाँकी ४० प्रतिशतमा अधिवक्ताका रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका, कानुनमा स्नातक उत्तीर्ण गरी न्याय सेवाको राजपत्रांकित पदमा

» पृष्ठ २ मा क्रमशः

जिल्ला निर्वाचन कार्यालय खारेजी रोक्न दलहरू प्रतिबद्ध : आयोग

काठमाडौं/ निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालय खारेजको निर्णय सच्याउन दलहरू सकारात्मक रहेको बताएको छ। आयोगले शुक्रबारको छलफलपछि विज्ञप्ति जारी गरी आर्थिक वर्ष ०८०/८१ को बजेट वक्तव्यको व्यवस्था हटाउन दलहरू प्रतिबद्ध रहेको जानकारी गराएको हो।

आयोग प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार छलफलका क्रममा दलका प्रतिनिधिले आयोगको स्वतन्त्रता, स्वायत्तता र क्षेत्राधिकारमा संकुचन ल्याउने र प्रतिकूल प्रभाव पार्ने काम सरकारबाट हुन नहुने बताएका छन्। निर्वाचन कार्यालय खारेजीको निर्णय

» पृष्ठ २ मा क्रमशः

INVITATION

3rd Edition COLD CHAIN ASIA Exhibition On Cold Chain Industry

Foodtech ASIA Food Processing . Bakery . Dairy . Packaging Exhibition

WAREHOUSING ASIA A Complete Solution For Warehousing

10-11 JUNE 2023

२७, २८ जेष्ठ, २०८० (अब दुई दिन बाँकी)

Bhrikuti Mandap Exhibition Hall, Kathmandu Nepal

International exhibition on
Cold Storage Equipment,
Cold Chain Supply, Industrial Refrigeration,
Dairy Machinery, Food Product's,
Warehousing Solutions,
Material Handling Equipment and much more...

Timing 10:00 AM to 06:00 PM

FREE ENTRY

www.coldchainasia.com
www.foodtechasia.in
www.warehousingasia.in

गर्मी छल्न लेक उक्लिए भेडा

औलमा गर्मी हुनुका साथै घाँसको समेत अभाव हुन थालेपछि किसानले घुम्ती गोठ लेकमा लग्न थालेका छन्। अहिले लेक सारिएका घुम्ती गोठ कात्तिक-मंसिरतिर बेंसी झरिसक्छन्।



ताप्लेजुङ



दार्चुला

दार्चुलामा **नरेन्द्रसिंह कार्की**, लमजुङमा **शान्ता कमली** र ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको फुङलिङ नगरपालिका- ११ फावाखोलाका भेडापालक गोपाल विष्टका अनुसार गर्मीमा भेडा औलमा बस्न रुचाउँदैनन्। भेडामा ऊन धेरै हुने भएकाले पनि गर्मी धेरै सहन सक्दैनन्। हिउँदमा पनि अत्यधिक चिसो खेप्न नसक्ने भएकाले उच्च हिमाली क्षेत्रबाट औल झारिन्छ।

विष्टका अनुसार गर्मीयामका लागि तीन हजारदेखि तीन हजार पाँच सय मिटरसम्म उचाइ रहेको लेक क्षेत्रमा भेडीगोठ बनाइएको छ, फावाखोलाकै माथिल्लो क्षेत्र बैसाखे हुँदै हिमालतिर भेडा लैजान सुरु गरिएको हो। ताप्लेजुङमा बैसाखे हुँदै मयामखर्क, तापेथोक, हेल्लोक, सेखाथुम, जापानटार हुँदै करिब पाँच हजार मिटर उचाइ रहेको सिद्धिखर्कसम्म पनि भेडा पुऱ्याइन्छ। सिद्धिखर्कतिर तीन महिना गोठ राखेर अन्यत्र सार्ने

» पृष्ठ २ मा क्रमशः

हिउँदमा जाडो छल्न औल-बेंसी झारिएका भेडालाई गर्मी बढेसँगै गोठसहित लेकतिर लग्न थालिएको छ। ताप्लेजुङ, लमजुङ र दार्चुलाका भेडापालक किसान भेडा र गोठसहित वैशाख अन्तिम साताबाट हिमाली क्षेत्रतर्फ लागेका हुन्।

हिउँदमा हिमपात र जाडोबाट जोगाउन औलतिर झारिएका भेडा गर्मी बढ्न थालेपछि पुनः लेकतिर लान थालिएको हो। कृषकका अनुसार गर्मी बढेपछि हिमाली क्षेत्रमा हिमपात नहुने साथै चिसो कम हुने हुँदा भेडा लेकतिर लगिन्छ।

जिल्ला निर्वाचन...

पृष्ठ १ बाट क्रमशः

फिर्ता गर्न र कार्यालयहरू यथावत् रूपमा सञ्चालनका लागि आवश्यक स्रोत-साधन उपलब्ध गराउन आयोगले सरकारलाई लेखी पठाउने र राजनीतिक दलहरूले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको उनले जानकारी दिए। प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियासहित आयुक्तहरूले जिल्ला निर्वाचन कार्यालय, निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक संसद्मा, स्थानीय तहमार्फत मतदाता नामावली संकलन प्रारम्भ गर्ने, विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलन गर्ने र दलहरूको लेखा र लेखापरीक्षण सम्बन्धमा राजनीतिक दलहरूसँग छलफल गरेका थिए। बैठकमा सहभागी कांग्रेस सहमहामन्त्री जीवन परियारका अनुसार कांग्रेससहित दलका प्रतिनिधि निर्वाचन कार्यालयहरू खारेजीले आयोगको स्वायत्तता र निर्वाचनको स्वच्छतामा असर पर्ने भन्दै खारेज गर्न नहुने पक्षमा देखिएका थिए।

राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (RULB)

सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक

चौथो बार्षिक साधारण सभाको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/२/२७)

श्री आदरणीय शेयरधनी महानुभावहरू,

यस राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८०/२/२६ गतेको सञ्चालक समितिको ९०औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा आफु स्वयं वा रितपूर्वकको प्रतिनिधि मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, स्थान र समय

मिति : २०८०/३/१६ गते शनिबार (तद्अनुसार ०१ जुलाई, २०२३),
स्थान : होटल अर्निको, धुलिखेल, काभ्रेपलान्चोक
समय : अपरान्ह १:०० बजे।

छलफलका विषयहरू:

(क) साधारण प्रस्तावहरु:

१) अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम तयार गरिएको आर्थिक वर्ष २०७८/०७९ को वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

३) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकको निर्वाचन गर्ने।

(ख) विशेष प्रस्तावहरु:

१) प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा:

१.१) संस्थाको चुक्ता पूँजी रु. १७,५०,००,०००/- (अक्षरेपी सत्र करोड पचास लाख) बाट वृद्धि गरी रु. २६,००,००,०००/- (अक्षरेपी छब्बीस करोड मात्र) पुऱ्याउने सम्बन्धि प्रस्ताव पारित गर्ने।

१.२) प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने।

२) गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquisition) सम्बन्धमा:

२.१) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग गाभ्ने/गाभिने (प्राप्ति) मा जाने प्रयोजनको लागि सम्पन्न प्रारम्भिक सहमतिपत्र (MoU), संयुक्त प्राप्ति समिति गठन एवं संयुक्त प्राप्ति समितिलाई आवश्यक कार्य गर्न सक्ने अख्तियार प्रत्यायोजन गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने।

२.२) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड तथा आशा लघुवित्त वित्तीय संस्था लिमिटेड बीच भएको गाभ्ने/गाभिने (प्राप्ति) सम्बन्धी प्रारम्भिक सहमतिपत्र (MoU) बमोजिम यस संस्थाको चल अचल संपत्ति र दायित्व मूल्यांकन (Due Diligence Audit) गर्न संयुक्त प्राप्ति समितिबाट सम्पत्ति र दायित्व मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants लाई गरेको निर्युक्ति र निजको पारिश्रमिक तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी अन्य भए गरेका खर्चहरु अनुमोदन गर्ने।

२.३) आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग यस लघुवित्त वित्तीय संस्था प्राप्ति (एक्विजिशन) मा जाने अन्तिम संझौता पत्र (Final Agreement Paper) लगायतका अन्य भए गरेका संपूर्ण कार्यहरुको अनुमोदन गर्ने प्रस्ताव पारित गर्ने। साविक सञ्चालक समितिका पदाधिकारीहरुको कार्यकाल जतिसुकै बांकी भएतापनि प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न भई एकीकृत कारोबार गरी दुबै वित्तीय संस्थाबाट प्रतिनिधित्व रहने गरी एक पूर्णकालिन नयां सञ्चालक समिति गठन भएपश्चात् विद्यमान सञ्चालकहरुको बांकी कार्यकाल स्वत: समाप्त भएको मानिने सम्बन्धी प्रस्ताव पारित गर्ने।

२.४) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिशन) गर्ने प्रयोजनको लागि मूल्यांकनकर्ता N.B.S.M. & Associates, Chartered Accountants बाट प्राप्त सम्पत्ति तथा दायित्व मूल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तथा अन्य सम्बद्ध व्यवस्था समेतका आधारमा संयुक्त प्राप्ति समितिको सिफारिसमा यस वित्तीय संस्थाको संचालक समितिले स्वीकृत गरे बमोजिम यस लघुवित्त संस्थाको १ कित्ता शेयर बराबर आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको १ कित्ता शेयर हुने गरी शेयर आदान प्रदान अनुपात (Share Swap Ratio, 1:1) कायम गरी आशा लघुवित्त वित्तीय संस्था लिमिटेडसंग प्राप्ति (एक्विजिशन) मा जानको लागि स्वीकृति प्रदान गर्ने।

२.५) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गरे पश्चात् **"राष्ट्र आशा लघुवित्त वित्तीय संस्था लिमिटेड"** को नामबाट एकीकृत कारोबार गर्ने तथा केन्द्रीय कार्यालय यसै संस्थाको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३ काभ्रेपलान्चोकमा रहने प्रस्ताव पारित गर्ने।

२.६) राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति (एक्विजिसन) गर्ने प्रकृयामा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड लगायत नियमनकारी निकायको स्वीकृति लिने/अभिलेख गर्ने क्रममा वा पूंजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधन सम्बन्धमा नियमनकारी निकायहरुबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम संशोधन/परिमार्जन समेतका संपूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

(ग) विविध।

१) स्वतन्त्र संचालकको नियुक्तिको जानकारी सम्बन्धमा।

चौथो वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी

१. चौथो वार्षिक साधारण सभा प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०८०/०३/०५ गते १ दिन शेयर दाखिला खारेज दर्ता बन्द रहनेछ। साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०३/०४ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईविएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन्।

२. चौथो वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ। कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोक वा एनआईविएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा सम्पर्क गर्नुहुन वा वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com बाट समेत प्राप्त गर्न सकिनेछ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिने प्रतिनिधि तोक्न पाउनेछन्।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका विहान १०:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, साँगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा दर्ता गराउनु पर्नेछ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका पदाधिकारीबाट सामुहिक रुपले उत्तर दिइनेछ।

८. छलफलका विषयसूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउंदा प्रचलित कानुनले निषेध गरेका वस्तुहरु लिई आउन पाईने छैन।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ। वार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी विस्तृत विवरण वित्तीय संस्थाको वेबसाईट www.rulbsl.com तथा केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकको सूचना पाटीमा टांस गरिनेछ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, सांगा, बनेपा न.पा.-१३, काभ्रेपलान्चोकमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ।

पाथीभरादेखि...

पृष्ठ १ बाट क्रमशः

गरी परीक्षणकालमा छ। त्यस्तै, बुटवल-नुवाकोटगढी (पाल्पा) केबलकार यसै वर्षदेखि सञ्चालनमा ल्याउने गरी धमाधम निर्माणको काम चलिरहेको छ।

उता, कास्कीको बिरेठाँटीदेखि मुस्ताङको मुक्तिनाथसम्म जोड्ने करिब ८६ किमि लामो महत्त्वाकांक्षी केबलकार परियोजनाको वातावरणीय प्रभाव मूल्यांकनको काम अगाडि बढेको छ। यो परियोजना पनि सफल भएमा देशभर लक्जरी रिसोर्टसहितका केबलकारमा करिब एक खर्ब लगानी पुग्नेछ।

संघीय र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमै ठाउँ-ठाउँमा हिल स्टेसन बनाउने घोषणा गरिएको छ। आगामी वर्षको बजेटमै अर्थमन्त्री डा. प्रकाशशरण महतले भारतीय सीमाबाट नजिकै रहेका पहाडी सहरलाई हिल स्टेसनका रूपमा विकास गरी पर्यटन प्रवर्द्धन गर्ने घोषणा गरेका छन्। आगामी वर्ष कोशी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा एक-एक हिल स्टेशन विकास गर्ने बजेटमा उल्लेख छ। तर, सरकारले घोषणा गरेका हिल स्टेसन घोषणामा मात्रै सीमित हुने गरेको विगतको यथार्थ छ। तनहुँको बन्दीपुर, नगरकोट, धुलिखेल, चन्द्रागिरि, इलाम, भेडेटार, सराङकोट, मनकामना, कुरी-कालिञ्चोकजस्ता हिल स्टेसन निजी क्षेत्रको पहल एवं धार्मिक आस्थाका कारण स्थापित भएका हुन्।

हिन्दूहरूको धार्मिक आस्था गोरखाको मनकामना मन्दिरसम्मको गन्तव्य छिटो र सहज होस् भन्ने अपेक्षा यात्रु र भक्तजनको थियो। व्यवसायी लक्ष्मणबाबु श्रेष्ठले अढाई दशकअघि उपाय निकाले, पूर्व-पश्चिम पृथ्वी राजमार्ग र मनकामनालाई केबलुकारले जोडिदिने। मनकामना दर्शन प्रालिका प्रबन्ध निर्देशक राजेशबाबु श्रेष्ठका अनुसार हाल मन्दिरछेवैमा नौ रोपनीमा ४८ करोड लगानी गरेर ४० कोठाको रिसोर्ट पनि निर्माण सुरु भएको छ।

आइएमईका मात्रै तीन सञ्चालनमा, तीन तयारीमा

रेमिटेन्स व्यवसायबाट उदाएको आइएमई समूहले पछिल्लो समय हिल स्टेसनमा लगानी खन्याएको छ। सातै प्रदेशमा केबलकार सञ्चालन गर्ने घोषणा गरेको समूहले तीन ठाउँमा व्यावसायिक सञ्चालनमै ल्याइएको छ भने तीन ठाउँमा निर्माणको तयारी गरिरहेको छ। यो समूहको पहिलो चन्द्रागिरि केबलकार (२.४ किमि लामो) ०७३ मा सञ्चालनमा आयो। चन्द्रागिरि परियोजना केबलकार, भालेश्वर मन्दिर, रिसोर्ट, रेस्टुरेन्ट, फनपार्क, चिल्ड्रेनपार्क, जिपलाइनलगायतको एकीकृत पर्यटकीय प्याकेज हो। यस परियोजनामा तीन अर्बभन्दा बढी लगानी भएको चन्द्रागिरि हिल्स प्रालिले बताएको छ। यही ग्रुपले बुटवलदेखि पाल्पाको वसन्तपुर र नवलपुरमा गैँडाकोटदेखि मौलाकालिका मन्दिरसम्म थप दुई केबलकार सञ्चालनमा ल्याइसकेको छ। २.६ किमि लामो बुटवल-वसन्तपुर जोड्ने लुम्बिनी केबलकार बिहीबारदेखि औपचारिक रूपमा सुरु भएको हो भने १.२ किमि गैँडाकोट-मौलाकालिका केबलकार १८ वैशाखदेखि औपचारिक सञ्चालनमा आएको थियो।

समुद्री सतहबाट मात्र २३० मिटर उचाइमा रहेको बुटवल स्टेसनबाट ९४० मिटर उचाइको वसन्तपुर स्टेसनमा पुग्न करिब १० मिनेट लाग्ने आइएमईका केबलकार विभाग प्रमुख अभिषेकविक्रम शाहले बताए। भारतको बोर्डरबाट ३० मिनेटको ड्राइभमा आइपुगिने यो ठाउँ खासगरी भारतीय पर्यटकको गन्तव्य बन्ने विश्वास उनको छ। टप स्टेसन वसन्तपुरमा १५० कोठाको पाँचतारे रिसोर्ट, क्यासिनो, रेस्टुरेन्ट, ब्यांक्वेट, स्विमिङ पुल, जिपलाइन, स्काइवाक, बाल उद्यानलगायत निर्माण गर्ने योजना छ। त्यहाँ कामाख्या देवीको मन्दिर निर्माण भइसकेको छ। सबै पूर्वाधारको लगानी पाँच अर्ब पुग्ने शाहले बताए।

त्यस्तै, पाँच मिनेटमा यात्रा गर्न सकिने गैँडाकोट-मौलाकालिका केबलकारको टप स्टेसनमा हेलिप्याडसहित ५० कोठे होटेल निर्माण अन्तिम चरणमा छ। दसैँसम्म सञ्चालनमा ल्याउने गरी निर्माण भइरहेको होटेलको छतमै रेस्टुरेन्ट, स्विमिङ पुल बनाइएको छ, जहाँबाट देवघाटदेखि पूर्वी चितवनसम्मको दृश्यावलोकन गर्न सकिन्छ। केबलकारसहितका संरचनाको लगानी दुई अर्ब पुग्ने ग्रुपका अध्यक्ष ढकालले बताए।

आइएमई ग्रुपले नै ताप्लेजुङको पाथीभरा, कैलालीको लम्किचुहा र कास्कीको सिकलेसमा पनि केबुलकार बनाउँदै छ। पाथीभरामा सुरुमा यती समूहले केबलकार निर्माणको तयारी थालेको थियो। पछि आइएमई समूहले उसको सबै ५१ प्रतिशत सेयर खरिद गरेर निर्माण थाल्दै छ। तीन अर्ब लगानी अनुमान गरिएको केबलकारको बटम स्टेसनमा लक्जरी रिसोर्ट बनाउने योजना छ।

सञ्चालनको अन्तिम तयारीमा बन्दीपुर र सिद्धार्थ केबलकार

निर्माण सम्पन्न भएर परीक्षण थालिएको तनहुँको बन्दीपुर केबलकार डेढ महिनाभित्र सञ्चालन गर्ने तयारी छ। बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडका अध्यक्ष रामचन्द्र शर्माले रोपमा लोड परीक्षण सम्पन्न भइसकेको तथा अहिले सामान बोक्ने र मान्छे ओसार्ने क्याबिन परीक्षण सुरु भएको बताए। यो केबलकारमा नयाँ के छ भने ६ वटा गन्डोला (कार)भित्रै रेस्टुरेन्टको व्यवस्था गरिएको छ। साहसिक र रोमाञ्चक यात्राका लागि दुईवटा गोन्डला भने पारदर्शी सिसैसिसाले बनाइएका छन्। 'रेस्टुरेन्टवाला गोन्डला साँझ ५ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुनेछन्,' उनले भने, 'एक घन्टासम्म केबलकारमै डुल्दै, खाँदै, दृश्यावलोकन गरेर रमाइलो गर्न पाइनेछ।'

बन्दीपुरमा बेसमेन्टसहित १७ तलाको पाँचतारे होटेल निर्माण भइरहेको छ, जसलाई 'क्विन टावर' नाम दिइएको छ। आगामी तिहारलगत्तै सञ्चालनमा ल्याउने तयारीसहित बनिरहेका होटेलमा ८० कोठा, चार रेस्टुरेन्ट, आठ सयजना अटाउने कन्फ्रेन्स हललगायत हुनेछन्। परियोजना पूरै सम्पन्न हुँदा लगानी तीन अर्ब पुग्ने अनुमान छ। बन्दीपुर केबलकार सञ्चालक टिमको ५१ प्रतिशत सेयर लगानी रहने गरी बन्दीपुरमै स्काइवाक र बन्जी सञ्चालन गर्ने योजना छ, जसमा थप एक अर्ब लगानी हुने अनुमान गरिएको शर्माले बताए।

त्यस्तै, बुटवलमा सिद्धार्थ केबलकार निर्माण पनि अन्तिम चरणमा छ। सिद्धार्थ देउरालीमा बटम स्टेसन र पाल्पाको नुवाकोटमा टप स्टेसन रहेको केबलकार १.९४ किमि लामो हुनेछ। यसै वर्ष सञ्चालन गर्ने तयारी रहेको केबलकारसँगै नुवाकोटमा रिसोर्ट, चिल्ड्रेन पार्कलगायत बन्नेछन्। करिब सयजनाको लगानी रहेको केबलकारको नेतृत्व राजेन्द्रसिंह गुरुङले गरेका छन्।

विश्वकै लामो केबलकार बनाउने महत्त्वाकांक्षी योजना

नेपालमा विश्वकै लामो केबलकार बनाउने महत्त्वाकांक्षी योजना पनि अगाडि सारिएको छ। कास्कीको बिरेठाँटीदेखि मुस्ताङको मुक्तिनाथसम्म करिब ८६ किमि लामो केबलकारको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)को काम अगाडि बढाइएको छ। मुक्तिनाथ दर्शन प्रालिले निर्माण गर्न लागेको यो परियोजनाले कास्की, पर्वत, म्याग्दी र मुस्ताङलाई जोड्छ। कालीगण्डकी नदी र मोदी नदीको जलाधार क्षेत्र हुँदै मुक्तिनाथ जोड्ने केबलकारमा ६ ठाउँमा स्टेसन रहनेछन्, जहाँ ७ सय ७७ टावर, ७ सय ७६ गोन्डला र ठाउँ-ठाउँका स्टेसनमा रिसोर्ट, रेस्टुरेन्टलगायत पूर्वाधार निर्माण गर्ने योजना छ।

चम्पादेवी केवलकार यसै वर्ष निर्माण सुरु गरिने

काठमाडौं उपत्यकामै दोस्रो चम्पादेवी केबलकार निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन (इआइए)को प्रक्रिया चलिरहेको छ। चाल्नाखेल-चम्पादेवी मन्दिरसम्म दुई किमि लामो केबलकार निर्माण हुने भएको हो। रिसोर्टसहितको केबलकार निर्माणका लागि करिब ६ अर्ब लगानी हुने अनुमान छ। 'बटम स्टेसनमा ९० रोपनी जग्गा खरिद गरिसकेका छौं, चम्पादेवीमा २२ हेक्टर सरकारी वन क्षेत्र सरकारबाट प्राप्त भइसकेको छ,' चम्पादेवी केबलकार सञ्चालकमध्ये एक गोविन्द संघाईले भने, 'यसै वर्ष निर्माण सुरु गर्ने लक्ष्य छ।'

गर्मी छल्न...

पृष्ठ १ बाट क्रमशः

गरिएको छ। लमजुङमा घुम्ती गोठमा पालिएका गाईभैँसी, भेडाबाख्रा चराउँदै गोठाला बर्सेनि बौद्ध, माछापुच्छ्रे, मनास्लु, हिमचुली, लमजुङ हिमालको काखैमा पुग्छन्। घुम्ती भेडीगोठ चार हजार मिटर उचाइसम्ममा पुग्छन्। घुम्ती गाईभैँसी गोठ भने तीन हजार मिटर उचाइसम्म मात्रै पुग्छन्।

यो समयमा बैँसीमा गर्मी हुनुका साथै पशु आहारा (घाँस)को समेत अभाव हुने भएकाले किसानले अहिले घुम्ती गोठ हिमालको काखैमा पुऱ्याएको भेटेरेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र लमजुङका प्रमुख डा. रूपेश श्रेष्ठले बताए। लमजुङमा ९० वटा घुम्ती भेडीगोठ रहेका छन्। ती भेठीगोठमा झन्डै १५ हजार 'बरुवाल' जातको भेडा रहेका छन् भने झन्डै ६ हजार 'सिन्हाल' जातका बाख्रा पालिएका छन्। लेक सारिएका घुम्ती गोठ भदौदेखि कात्तिक मसान्तसम्ममा बैँसी झरिसक्छन्। चिसो मौसममा माथि (लेक)मा चरन क्षेत्रको अभाव हुने भएकाले त्यो समयमा भेडीगोठ बैँसी सारिन्छन्।

दार्चुलामा अपिहिमाल, नौगाड, व्याँस, दुहुँ र मार्मा गाउँपालिकाका अधिकांश स्थानीयले भेडाबाख्रापालन गर्ने गरेका छन्। अहिले बैँसीमा गर्मी सुरु भएसँगै भेडाबाख्रा धमाधम लेक लगिरहेका हुन्। अपिहिमाल गाउँपालिका- २ घुसाका किरनसिंह धामीले गाउँमै ९५ वटा भेडाबाख्रा पालेका छन्। पाँच महिना गाउँमै राखेर अहिले पुनः गर्मी छल्न हिमाल उक्लिएको उनले बताए।

दार्चुलाको अपिहिमाल गाउँपालिका १ र २ का अधिकांशले भेडाबाख्रा लोलु, रोखापु, पिलकन्द, धौलीओडार, सातगंगा तथा वडा नम्बर ५ र ६ का स्थानीयले चाइमटेला र वडा नम्बर ३ र ४ का स्थानीय धरमघर, क्षत्तिलगायतका ठाउँमा भेडाबाख्रा चरिचरनका लागि लग्छन्। व्याँस दुहुँका स्थानीयले व्याँसको अपिफेद, दुधीवन क्षेत्रमा चरिचरनका लागि लैजान्छन्। तर, चरनको अभाव छ। 'पहिला गाउँका सबै वन खुला हुन्थे। चराउन समस्या नभएकाले भेडा पाल्न सजिलो थियो,' अपिहिमाल गाउँपालिका- १ का करनसिंह धामीले भने, 'अहिले केही सामुदायिक वन भए, केहीले आफ्नो ठाउँमा चराउन दिँदैनन्।' ताप्लेजुङमा पनि चरन अभावका कारण पछिल्लोपटक भेडापालन घटेको छ। फावाखोलाका गोपाल विष्ट परिवारलगायतका केही कृषकले मात्र परम्परागत पेसाको रूपमा रहेको भेडीगोठ व्यवसाय अँगाल्दै आएका छन्। पछिल्लो पुस्ताले गोठपालन पेसा नरुचाएका कारण तथा चरन क्षेत्रसमेत साँघुरिँदै गएका कारण भेडी गोठ पाल्ने चलन हराउँदै गएको हो।

भेडाको मासु मात्र होइन, रौँ पनि बिक्री हुन्छ। मांसाहारीले भेडाको मासु रुचाउँछन्, विशेषगरी दसैँताका भेडाको मासुको माग हुन्छ। त्यसबाहेक भेडाको ऊन, घिउबाट पनि आम्दानी गर्न सकिन्छ। भेडाको एउटा पाठालाई १५ देखि २० हजार रुपैयाँसम्म पर्ने गरेको कृषक बताउँछन्। अधिकांशले एक वर्ष भेडा पाल्ने र दोस्रो वर्ष बिक्री गर्ने गरेका छन्।

अपिहिमाल गाउँपालिका- १ का करनसिंह धामीले भने, 'एक वर्ष पाल्यो, दोस्रो वर्ष दसैँमा बिक्री गछौं।' भेडा किन्न तराईबाटै ग्राहक गाउँ पुग्छन्। ६० भन्दा बढी भेडा पालेका धामीले एक वर्ष पालेर दोब्बर फाइदा निकाल्ने गरेका छन्। दसैँको वेला गाउँमै भेडाको १५ देखि २० हजारमा बिक्री हुने गरेको छ।

अपिहिमाल गाउँपालिका- १ का भेडापालक कृषक हरि लोथ्यालले भेडाको ऊन खासै बिक्री गरेका छैनन्, बरु आफैँ लुगा बनाउँछन्। ऊनबाट बनेको कोट जाडो छल्न उत्तम मानिन्छ। ओढ्ने-ओछ्याउने सिरक-डस्ना ऊनबाटै बनाउने गरेको उनले बताए।

Manahari Rural Municipality
Office of Rural Municipal Executive

Rajaiya, Makwanpur

Bagmati Province, Nepal

Sealed Quotation

First Date of Publication: 2080/02/26

Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur invites electronic bids for the following works under Sealed Quotation Biddings (SQ).

S. N.	Contract Identification No.	Works Description	Estimated Cost (Exclusive 13% VAT) Nrs.	Bid Security Amount (NRs)	Bid Document Cost (NRs) (Nonrefundable)
1	AGG/SQ/ MAN-23/079-80	The Procurement & Supply of Agricultural equipments	20,00,000	52,000.00	1,000.00

Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp or Manahari Rural Municipality, Office of Rural Municipal Executive, Rajaiya, Makwanpur.

Chief Administrative Officer

प्रधानन्यायाधीशमा...

पृष्ठ १ बाट क्रमशः

कार्यविधिअनुसार आगामी बैठकमा खोलेर छानबिन अगाडि बढ्छ,' प्रवक्ता गिरीले भने।

१ फागुन ०७८ मा महाभियोग दर्ता भएलगत्तै निलम्बनमा परेका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले २७ मंसिरमा अवकाश पाएका थिए। जबरा निलम्बन परेलगत्तै कामु प्रधानन्यायाधीश बनेका दीपक कार्कीले पनि १५ असोजमा अवकाश लिए। त्यसपछि हरिकृष्ण कार्कीले कामुको जिम्मेवारी पाएका थिए। सुनुवाइ समितिको बैठक सम्भव भएसम्म आइतबार नभए सोमबार बस्ने तयारी छ। समितिले उजुरीमाथि आवश्यक छानबिन तथा उजुरीकर्तासँग छलफल गरेर सुनुवाइ अगाडि बढाउनेछ। सुनुवाइबाट अनुमोदन भए कार्की प्रधानन्यायाधीश नियुक्त हुनेछन्। यद्यपि, ६५ वर्षे उमेरहदका कारण १९ साउनसम्म मात्रै उनको सेवावधि हुनेछ।

उजुरीमा के छ ?

संसद् सचिवालयका अनुसार अधिकांश उजुरीकर्ताले कार्कीको न्यायाधीशका रूपमा सर्वोच्च प्रवेशमै प्रश्न उठाएका छन्। सुनुवाइ समितिको निर्देशन लत्याएर जुनियर कार्कीलाई राजनीतिक आबद्धताका आधारमा जबर्जस्ती सिनियर न्यायाधीश बनाएर सर्वोच्च प्रवेश गराएको, कार्यक्षमताको गाम्भीर अभाव रहेको, संसद् विघटन मुद्दामा सुरुवाती चरणमा स्वार्थ बाझिने गरी सुनुवाइ गरेर बदनियत देखिएको, कार्यसम्पादनमा कमजोर, शैक्षिक योग्यतासमेत कमजोर रहेको, कानुनी रिक्तताकै अवस्थामा प्रधानन्यायाधीशमा सिफारिस गैरकानुनी रहेको उजुरीमा उल्लेख छ।

'०७३ मा सर्वोच्चको न्यायाधीशका रूपमा न्यायालयमा नियोजित रूपमा निज आबद्ध रहेको दल र सोको नेताहरूद्वारा गराइएको न्यायालय प्रवेशको प्रारम्भ बिन्दुदेखि नै संविधानको मर्म र भावनाविपरीत संवैधानिक जालसाजी गरी राजनीतिक पृष्ठपोषण र सत्ताको चरम दुरुपयोगका आधारमा भए-गरेका काम-कारबाही तथा सर्वोच्चको न्यायाधीशका रूपमा कार्यरत रहँदासमेत कार्कीले स्पष्ट ढंगले स्वार्थ बाझिने गरी निजको दलीय आबद्धताका आधारमा दलीय मठाधीशको बफादारिताका लागि गर्दै आएको कार्यसम्पादनसमेतको आलोकमा हेर्दा निज कुनै पनि दृष्टिकोणबाट नेपालको न्यायालयको निष्पक्षता, स्वतन्त्रता, न्यायप्रतिको निष्ठा, न्यायपालिकाप्रतिको जनविश्वास कायम राख्नका लागि निष्पक्ष, तटस्थ, सक्षम, योग्य, स्वार्थको द्वन्द्वरहित स्वच्छ छविको व्यक्तिका रूपमा कार्य गर्ने हैसियत भएको व्यक्ति नरहेको हुनाले त्यस्तो व्यक्तिलाई नेपालको प्रधानन्यायाधीश पदमा नियुक्त गर्ने हो भने न्यायालयउपर दलीय नियन्त्रण भनै संस्थागत हुन गई न्यायालयको थप दलीयकरण हुनुका साथै नेपालको समग्र न्यायप्रणाली नै भ्रष्टीकृत र विद्रुप अवस्थामा पुग्छ,' उजुरीमा भनिएको छ।

न्यायपरिषद् ऐनको दफा ३१ अनुसार ६० दिन पहिला नै पदमा नरहेको जानकारी सम्बन्धित व्यक्ति र निकायलाई दिनुपर्ने व्यवस्था रहेको र यसअनुसार १९ जेठमै कार्कीले न्यायपरिषद् सचिवबाट पदमा नरहेको जानकारी पाइसकेको र सर्वोच्च प्रशासनलाई पनि जानकारी दिइएको जिकिर उजुरीमा गरिएको छ। सुनुवाइ समितिले पनि मगाएर हेर्ने अनुरोध गरिएको छ। 'ऐनअनुसार पदमा नरहने चिठी पाइसकेको व्यक्ति त्योभन्दा माथिल्लो पदमा जान मिल्दैन,' उजुरीमा जिकिर गरिएको छ।

त्यस्तै, फैसलाहरू फर्स्योट तथा कार्यसम्पादन सकाउन अवकाशको एक महिना पहिला बिदामा बस्नुपर्ने प्रावध

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २७ जेठ ०८०
nayapatrikaofficial @naya_patrika

आठ वर्षदेखि बगरमा वास

भूकम्पपीडितहरू आठ वर्षमा एक सय २७ पटक सिंहदरबार धाए, तर पीडा कसैले सुनेनन्



शिवहरि घिमिरे
journalistshiv2015@gmail.com

रिपोर्ट



रसुवाको उत्तरगया गाउँपालिकास्थित त्रिशूली नदी-किनार खाल्डेबगरमा ०७२ को विनाशकारी भूकम्पपछि विस्थापितको आश्रयस्थल

नदी किनारमा भूकम्पपीडितले यसरी जिन्दगी गुजार्न थालेको आठ वर्ष बितिसक्यो। अन्यन्त्र जाने उनीहरूको ठाउँ पनि छैन। उनीहरूका लागि न स्थानीय सरकार आफ्नो भयो, न प्रदेश सरकार र सिंहदरबार नै।

केही दिनअघि रिपोर्टिङकै लागि रसुवाको उत्तरगया गाउँपालिकास्थित खाल्डेबगर जाने साइत जुऱ्यो, जहाँ ०७२ को भूकम्पमा गाउँ नै ध्वस्त भएपछि सयौँ पीडित आश्रय लिइरहेका छन्। ०७४ मा रिपोर्टिङकै सिलसिलामा त्यो ठाउँ पुग्दा त्रिशूली बगरभरि पीडित आश्रय लिइरहेका थिए। झन्डै पाँच वर्षपछि पुनः दुई साताअघि त्यही ठाउँमा पुग्दा अवस्था उही पुरानै देखियो।

त्रिशूली नदी एकोहोरो सुसाइरहेको छ। नदीले उधिनेर ल्याएका ढुंगा बालुवाले वरपर ठूलै बगर बनेको छ। बगरको बीचमा उभिएका ससाना टहरा छन्। जस्तापाता र बासले बनेका ती टहरामुनि करिब ६ सय परिवारको बसोवास छ। हिउँदमा समेत बगाउँलाभैँ गरी उर्लने त्रिशूली नदी बस्तीनजिकनजिक आइरहेको छ। बर्सेनि नदीको बहाव बस्तीमा छिर्छ। बर्खाको वेला रातभरि स्थानीयवासी बगरमाथिको सडकमा टेन्ट राखेर जाग्राम बस्छन्। जब पानी रोकिन्छ त्यसपछि पुनः टहरामा ओत लाग्छन्। नदी-किनारमा भूकम्पपीडितले यसरी जिन्दगी गुजार्न थालेको आठ वर्ष बितिसक्यो। बगरमै जिन्दगी बिताउनुबाहेक उनीहरूको अन्यन्त्र जाने ठाउँ छैन। उनीहरूका लागि न स्थानीय सरकार आफ्नो भयो, न प्रदेश सरकार र सिंहदबार नै।

०७२ को भूकम्पले रसुवाको उत्तरगया-१ गोगने गाउँ तहसनहस बनाएको थियो। भूकम्पले गाउँका सबैजसो घर मात्रै भत्काएन, ४५ जनाको समेत ज्यान लियो। भिरालो ठाउँको गाउँ भूकम्पले तहसनहस बनायो। घर पूरै भत्कायो, जमिन खण्डहर भयो। त्यसपछि थातथलो छाडेर चार किमि तल उत्तरगया-५ खाल्डेमा पर्ने त्रिशूलीको किनारमा झरे। बगरछेउमा २७४ परिवारले टहरा बनाएर बसे। उनीहरूले सोचेका थिए, यो केही समयका लागि हो, सरकार आएर हाम्रो उद्धार गर्नेछ। तर वर्षौं बित्यो, त्रिशूली किनारबाट सयौँ मानिसले गुहार मागेको सरकारले सुनेन।

पौने तीन सय परिवार बगरमा कष्टकर जिन्दगी बाँचिरहेका छन्। न खेतीपाती गर्ने ठाउँ छ, न दैनिक गुजारा चलाउन सहज छ। कतै गएर जागिर गरौँ भने त्यो पनि छैन। गाउँमा खेतीपाती गरेकाहरूलाई कसले जागिर दिने? उनीहरू आपसमा कुरा गर्छन्,'हामी त खेतीपाती गर्ने मान्छे, पढेलेखेको पनि छैन। कसले दिन्छ जागिर?' नजिकै विदेशी लगानीमा सञ्चालित जलविद्युत् आयोजनाले पनि पढेलेखेकालाई मात्रै रोजगार दिएका छन्। टहरामाथिमा जलविद्युत् आयोजनाहरूले हाई भोल्टेज लाइन तानेका छन्। सयौँ मानिस बसोवास गरिरहेको बगरको बस्तीबारे उनीहरूलाई मतलब छैन। उल्टो उनीहरूलाई जलविद्युत् आयोजनाले त्रास थपिरहेका छन्। जति नै त्रास थपिए पनि जाने ठाउँ कतै नभएको लाक्पा तामाङले सुनाए। उनको परिवार बगरमा आश्रय लिन थालेको आठ वर्ष बित्यो। तर, अझै कति वर्ष यहाँ बस्नुपर्ने हो उनलाई थाहा छैन। 'राति सुतिरहेको वेला घरभित्र खोला पस्छ, कहिले हावाहुरीले जस्तापाता उडाउँछ,' उनले सुनाए, 'खोला किनारमा बसोवास गर्न निकै गाह्रो भइरहेको छ, साँझबिहान कसरी गुजारा चलाउने भन्ने चिन्ता छ।'

बगरमै आश्रय लिइरहेका दावा तामाङले पनि सरकारले आफूहरूलाई शरणार्थी बनाएको सुनाए। 'गाउँमा जाऊँ भूकम्पले बस्ती नै छियाछिया पारेको छ, बगरमा बस्दा पानी परेको वेला निद्रा लाग्दैन, खोलाले बगाउला भनेर बाटोमा निस्किएर बस्नुपर्ने बाध्यता छ,' उनले भने, 'हाम्रो पीडा न त यहाँका जनप्रतिनिधिले बुझे, न त सिंहदरबारले।' गोगनेमा बसेर खेतीपाती गर्दै आएका उनीहरू भूकम्पपछि खाल्डेबगर सरेपछि भने ज्यालामजदुरी र माछा मार्ने काम गर्छन्। तर, जलविद्युत्का कारण माछा मार्न निषेध गरेपछि उनीहरू थप मर्कामा परेका छन्।

खाल्डेबगर बसेकाहरूलाई सुरक्षित वास र बिहान-बेलुकी छाक टार्ने चिन्ता भइरहेको वेला राजधानीबाट मन्त्री, सचिवलगायत उच्चपदस्थ व्यक्ति पनि पुगेर आजसम्म आश्वासन मात्रै दिए। तर, उनीहरूको पीडा समाधान भएन। 'काठमाडौंबाट सरकारमा रहेका धेरै नेता र सरकारी कर्मचारी यहाँ आउनुभयो, उहाँहरूलाई खादा र माला लगाउँदा भएको पैसा पनि सकियो,' डोल्मा तामाङले सुनाइन्,'कोही नेताहरू यहाँ हेलिकोप्टर चढेर पनि आउनुभएको थियो।'

भूकम्पका कारण गाउँ नै तहसनहस र खण्डहर बनेपछि मृतकको सदगद गरी पीडितहरू त्रिशूली बगरमा झरे। यहाँ नआट्नेहरू अयन्त्र तितरबितर भए। अहिले गाउँमा कोही छैनन्। गोगनेबाट विस्थापित भएकामध्ये ८४ घर नुवाकोटको बट्टारमा, दुई सय ७४ घर खाल्डेबगरमा, ३७ घर नुवाकोटको शान्तिबजारमा र एक सय १० घरपरिवार नुवाकोटकै किस्पाङ गाउँपालिका-५ मा बसोवास गर्छन्।



रसुवाको कालिका गाउँपालिका-१ गुम्चेतमा रहेको ओढारमा बस्दै आएका स्थानीय

बगरको पीडा नसुन्ने सिंहदरबार

यहाँका स्थानीयले बगरबाट अन्यन्त्रै सारिदिन प्रशासन गुहार्न थालेको वर्षौं बित्यो। आफूहरूले कतिपटक धार्यौं भन्ने रेकर्ड पनि राखेका छन् उनीहरूले। खाल्डेबगरमा बस्दै आएका स्थानीय र यहाँका अगुवाहरू बस्ती स्थानान्तरणको माग गर्दै आठ वर्षमा एक सय २७ पटक सिंहदरबार धाए। प्रधानमन्त्री, मन्त्री र रसुवाका सबै जनप्रतिनिधिलाई भेटे। तर, सिंहदबारले यहाँका पीडितको आहात सुनेन। ०७२ वैशाखको भूकम्पपछि प्राधिकरणका सिइओ गोविन्दराज पोखरेल हेलिकोप्टर चढेर खाल्डेबगर पुगेका थिए। उनले त्यतिवेला स्थानीयलाई सक्दो छिटो सुरक्षित वासको व्यवस्था गर्ने आश्वासन दिएका थिए। आश्वासनपछि उनी फर्किएर गएनन्। त्यसयता बागमती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल, नेपाल विद्युत् प्राधिकरणका सिइओ कुलमान घिसिङ, तत्कालीन ऊर्जामन्त्री वर्षमान पुनलगायत पनि खाल्डेबगर पुगे। तर, उनीहरूको उद्धार भएन।

०७२ को भूकम्पमा उत्तरगया गाउँपालिका-१ भित्र पर्ने सबै क्षेत्र प्रभावित बनेको थियो। भूकम्पले ध्वस्त पारेपछि वडाध्यक्षसहित सबै स्थानीय बसाइँ सरेका थिए। कोही नुवाकोट शान्तिबजार, सातबिसे, कोही बट्टार र कोही त्रिशूलीको बगर क्षेत्रमा छरिएर बसोवास गर्न थाले। भूकम्पले साबिकको वडा क्षेत्रबाट उठीवास लगाएपछि वडाध्यक्षसहित सबै त्रिशूली बगर र आसपासमा सुरक्षित ठाउँतिर झरेका थिए। उत्तरगया गाउँपालिका-१ का वडाध्यक्ष मार्सिङ तामाङ हाल नुवाकोटको किस्पाङ गाउँपालिका शान्तिबजारमा बसोवास गर्छन्। रसुवाको जनप्रतिनिधि भए पनि त्यहाँ बस्ने वास नभएपछि उनी मासिक तीन हजार भाडा तिर्ने गरी शान्तिबजारको टहरोमा आश्रय लिइरहेका छन्। 'म र वडावासी सबै अहिले छरिएर बसेका छौं। विस्थापितलाई स्थापित गर्नेबारे सरकारले चासो नदिँदा रसुवामा पर्ने वडाको काम नुवाकोटबाट गर्नुपरेको छ,' उनले सुनाए,'खाल्डेबगरमा बसोवास गरेकालाई स्थानान्तरण गर्नेबारे सरकारले चासो दिएको छैन।'

भूकम्पपीडितहरूलाई बसोवास गराउन अहिले सम्भावित ठाउँ भेटिएका छन्। तर, तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, वडा, गाउँपालिका र बस्ती स्थानान्तरण तथा निर्माण समितिले सम्भावित ठाउँ निर्क्योल गरे पनि पीडितहरूलाई सार्नेबारे सुरसारै छैन। त्यहाँ सार्न सर्वप्रथम संरचना निर्माण गर्नुपर्छ। उक्त कार्य सम्पन्न भएको छैन। बगरमा बसिरहेका स्थानीयलाई सार्नका लागि उतरगया-५ मा पर्ने तल्लो पैरीबेँसीमा सम्भावित ठाउँ पनि खोजिएको हो। तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले ०७४ मै ३८ रोपनी जग्गा खरिद गरेको थियो। त्यहाँ स्थानीयलाई तीन-तीन आनाका दरले जग्गा वितरण गर्ने योजना बनाइएको थियो। तीन-तीन आनाका दरले जग्गा वितरण गर्दा यहाँ एक सय २८ घरधुरी बसोवास गर्न मिल्ने अवस्था थियो, तर सरकारले डेढ वर्षअघि नै चार आनाभन्दा कम जग्गामा घर निर्माण गर्न नपाइने कानुन निर्माण गरेपछि यहाँ जग्गा वितरण प्रक्रिया रोकिएको छ। चार-चार आनाका दरले ३८ रोपनी जग्गा वितरण थोरै परिवारका लागि मात्रै पुग्ने भएकाले बगरमा बसोवास गरिरहेका सयभन्दा बढी परिवारका लागि अझै ठाउँ अपुग हुन्छ। हाल खाल्डेमा रहेका पीडितलाई सामूहिक रूपमा राख्न पैरीबेँसीमा केही संरचना पनि निर्माण हुँदै छन्। तर, त्यतिले मात्रै सबै पीडितलाई स्थानान्तरण गर्न पुग्दैन।



■ **रसुवाको उत्तरगया गाउँपालिका-१ का वडाध्यक्ष मार्सिङ तामाङ भन्छन्-** म र वडावासी सबै अहिले छरिएर बसेका छौं। विस्थापितलाई स्थापित गर्नेबारे सरकारले चासो नदिँदा रसुवामा पर्ने वडाको काम नुवाकोटबाट गर्नुपरेको छ। खाल्डेबगरमा बसोवास गरेकालाई स्थानान्तरण गर्नेबारे सरकारले चासो दिएको छैन।

हाइड्रोले माछा मार्न पनि दिएन

त्रिशूली बगर झरेका पीडितहरू यसअघि खोलाको माछा मारेर जीविका चलाइरहेका थिए। उनीहरू यहाँबाट माछा झिकेर बेच्न लैजान्थे। त्यही पैसाले परिवारको गुजारा चलाउँथे। तर, जलविद्युत् आयोजनाका कारण त्रिशूली नदीलाई ठाउँठाउँमा गायब पारिएको छ। जसका कारण माछा मरेका छन् भने हाइटेन्सन र बिजुली संरचनाको डरले खोला पस्न नसकिने अवस्था छ। 'अहिले हाम्रो बाँच्ने उपाय भनेको मजदुरी नै हो,' स्थानीय पूर्णबहादुर घलेले भने, 'माछा मारेर पनि जीविका चलाउने आम्दानी भएको थियो, तर हाइड्रोले गरिखाने मेलो खोस्यो।' खाल्डेबगरमा झन्डै ६ सय जनाको बसोवास छ। ठाउँ सानो भए पनि यहाँ ससाना घरटहरा निर्माण गरेर उनीहरू बसोवास गर्दै आइरहेका छन्।

बगरमा खेती ओढारमुनि वास

रसुवाको कालिका गाउँपालिका-१ गुम्चेतमा बसोवास गर्ने स्थानीयवासीको दैनिकी पनि कम्ता दुःख लाग्दो छैन। सडकबाट माथिपट्टि हेर्दा भित्तै खस्लाझैं देखिन्छ। तर, त्यही भिरमा उनीहरू आश्रय लिइरहेका छन्। सम्म ठाउँ नपाएर भूकम्पपछि धेरै स्थानीयवासी पाखाहरूमा बसोवास गर्न बाध्य छन्। काली गाउँपालिकाको गुम्चेतमा त झन् ढुंगाकै ओढारमुनि स्थानीयवासी बसोवास गर्न बाध्य छन्। आफ्नो जग्गाजमिन अन्त नहुँदा भिरपाखाकै ओढारमुनि टहरो बनाएर बसोवास गर्न बाध्य हुनुपरेको गुम्चेत ओढारमा बस्दै आएकी मेन्दो याल्मोले बताइन्। यो ओढारमुनिको हटरामा उनको सात पुस्ता टऱ्यो। अन्त जाने विकल्प नभएपछि उनको परिवार अहिले पनि त्यही ओढारमुनि बस्न बाध्य छ। 'हामीलाई यहाँबाट अन्त सर्ने ठाउँ भएन, सर्न त खोजेकै हो,' याल्मोले सुनाइन्,'तर भूकम्पमा त्यही ओढारमुनिको घर पनि भत्किएपछि हामीलाई सरकारले बनाइदिएन।' याल्मोको परिवारमा दुई छोरा, दुई छोरी र श्रीमान् गरी ६ जना छन्। उनका श्रीमान् ज्यामी काम गर्छन्। परिवारको गुजारा चलाउने अन्य आधार नभएपछि उनीहरूले बगरमा मकैलगायत खेती गर्छन्। 'कसैले राम्रो ठाउँमा जाउँ भन्दैन, यो भिरमा बस्दा कुन दिन पाखा नै खस्ने हो भन्ने डर लाग्छ,' याल्मोले सुनाइन्, 'छोराछोरी पढाउन स्कुल पनि नजिक छैन, बिरामी हुँदा अस्पताल जान पनि नजिक छैन,' उनले सुनाइन्, 'दुःखीको कोही त भेटिन्छ भन्छन्, तर हाम्रो त खै भेटिएन।' याल्मोको मात्रै होइन, गुम्चेतमा अन्य ६ परिवार पनि बस्छन्। यहाँ एउटा ठूलो ढुंगा छ त्यसको मुनि जस्तापात र ढुंगामाटोले बनेका ससाना घरहटरा छन्। त्यही हटरामा स्थानीयवासीले जीवन बिताउँदै आएका छन्। 'यस्तो ठाउँमा कोही रहरले बस्दैन, हाम्रो अन्यन्त्रै जाने ठाउँ भएन,' ओढारमुनि हटरामा बस्दै आएकी पसी तामाङले सुनाइन्,'सबै आउँछन् हटरा हेर्छन्, फोटो खिच्छन् जान्छन् तर हाम्रो जीवन धरापमा रहेको देख्दैनन्।'

जलविद्युत्को राइँदाइँ

उत्तरगया गाउँपालिका-१ का स्थानीयहरू भूकम्पको पीडाबाट निस्कन सकेकै छैनन्, त्यसपछि थपिएको छ, जलविद्युत् आयोजनाको तनाव। माथिल्लो त्रिशूली १ (२१६ मेगावाट) जलविद्युत् आयोजनाका कारण उत्तरगया गापाको ठूलो हाकु, नासो हाकु, फूलबारी, हाकुबेँसी, मैलुङबेँसी, गुम्चेत, थंगु, गोगने तिरुलगायत क्षेत्र प्रभावित छन्। अझ उत्तरगया-१ को मैलुङबेँसीमा करिब २६ घर प्रत्यक्ष मारमा छन्। मानवबस्तीनजिकै हाइटेन्सन लाइन र विद्युत् संरचना निर्माणले बस्ती जोखिममा छन्। खोला नै बस्तीतर्फ फर्काउन थालेपछि बस्ती कटानको त्रास थपिएको छ। बस्तीभन्दा माथिपट्टि जलविद्युत्ले संरचना निर्माण गर्दा जमिन फोड्न ब्लास्टिङ गर्दा बस्ती नै थर्किने र चर्किने अवस्थामा पुगेको स्थानीय इनाम तामाङ बताउँछन्। बस्तीनजिकै रहेको जलविद्युत् आयोजनाले अव्यवस्थित ढंगले काम गर्दा पहिरो र बाढीको समेत त्रास भएको उनी गुनासो गर्छन्। 'जनविद्युत् आयोजनाले न त हामीलाई रोजगार दिएको छ न त हाम्रा माग पूरा गरेको छ,' उनले सुनाए, 'खोलामा जथाभावी काम गरिरहेको छ, हाम्रो बस्ती नै खोला र पहिरोले लैजाने अवस्थामा छ।' भूकम्पका वेला पनि जमिन चर्किएर र हल्लिएर ढुंगा पल्टिँदा यस क्षेत्रमा २० जनाभन्दा बढीको मृत्यु भएको थियो। पछिल्लो समय जनविद्युत् आयोजनाले सुरुङ खन्दा सावधानी नअपनाउँदा बस्ती जोखिम अवस्थामा रहेको छ।

त्यसो त भूकम्पअघि मैलुङको बस्ती ठूलो थियो। भूकम्पका कारण घर भत्किएपछि यहाँबाट २० घरधुरी विस्थापित भएर अन्तै गए। यहाँ रहेका करिब २६ घरको बसोवास पनि सुरक्षित छैन। बस्तीमुनि खोला र माथि जलविद्युत्ले पहरा फुटाइरहेकाले बस्ती जोखिममा परेको छ। जलविद्युत् आयोजना गाउँ पसेपछि रैथाने पहिचान नै मेटिने अवस्थामा पुगेको छ।

परम्परागत अभ्यासमा ठेस

जलविद्युत् आयोजनाका कारण खेतीयोग्य जमिन डुबानमा पर्ने र पहिरोले लैजाने, माछा मार्न नपाइने र पशुचरण क्षेत्रमा पनि हाइड्रोले संरचना खडा गरेको छ। जलविद्युत् आयोजनाले स्थानीयलाई रोजगार नदिएको, उनीहरूको घरजग्गामा क्षति हुने गरी काम गरेको स्थानीय कान्छीमाया तामाङको गुनासो छ। 'हाम्रै ठाउँमा आएर उनीहरू काम गरिरहेका छन्, तर हामीलाई रोजगार पनि भएन सुरक्षा पनि भएन,' उनले सुनाइन्, 'यसरी जथाभावी काम गर्न पाइँदैन।' कानुनअनुसार जलविद्युत् आयोजनाले काम सुरु गर्दा प्रभावितहरूलाई रोजगारदेखि उनीहरूको जीवनस्तर उकास्ने गरी काम गर्नुपर्छ। तर, पाँच वर्ष भयो जलविद्युत्ले कानुनी रूपमा पूरा गर्नुपर्ने मापदण्ड पनि पालना नगरेको स्थानीयवासीको गुनासो छ।

जलविद्युत् आयोजना निर्माणका क्रममा स्थानीयवासी, आदिवासी जनजाति सल्लाहकार परिषद्, जनप्रतिनिधि र नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्टबीच स्थानीयका माग पूरा गर्नेबारे ०७५ कात्तिकमा सम्झौता भएको थियो। तर, कम्पनीले सम्झौता पालना नगरेको स्थानीयवासीको गुनासो छ। सम्झौतामा आदिवासी तामाङ समुदायको परम्परागत अभ्यास, भाषा, संस्कृति, सांस्कृतिक अभ्यास संरक्षण गर्ने र प्रभावित क्षेत्रमा रोजगार, शिक्षा र स्वाथ्यबारे काम गर्ने उल्लेख थियो। तर, जलविद्युत् आयोजनाहरूले स्थानीयवासीसँग भएका सम्झौता पूरा गर्नेबारे नजरअन्दाज गर्दै आइरहेका छन्।

माछा व्यवसायले दिलाएको सफलता





हदिश खुद्दार
hadisnaya@gmail.com

उद्यम

धनुषाको सहिद नगर नगरपालिका- ४ ननुपट्टीका ७५ वर्षीय बौएलाल मुखियाको बाल्यकाल र किशोरावस्था गाउँका नहर तथा खाल्डाखुल्डीमा माछा समातेरै बित्यो । हाटबजारमा माछा बेचेर उनी घरको आर्थिक जोहो टार्थे । ०२३ मा जनकपुरका विजयराज विष्टसँगको भेटले उनलाई व्यापारमा लाग्न प्रेरित गऱ्यो । शून्यबाट व्यापार सुरु गरेका मुखिया आज देशकै चर्चित माछा व्यापारी बनिसकेका छन् । उनी वार्षिक चार करोड हाराहारीमा व्यापार गर्छन् । उनको लगनशीलता र सफलताबाट प्रेरित भएर अहिले यस क्षेत्रका अन्य किसान पनि माछापालनमा लागेका छन् ।

'मेरो घरको आर्थिक अवस्था दयनीय थियो, मैलै गाउँकै नहर तथा खाल्डाखुल्डीमा माछा टिपेर टाउकामा राखेर गाउँकै हाटबजारमा बेचेर गुजारा चलाउँथें । एक दिन उहाँ (विजयराज विष्ट) गाउँकै पोखरीहरू अनुगमनमा आउनुभएको थियो,' बौएलालले स्मरण गरे,'खाल्डाखुल्डीमा माछा टिपिरहेको देखेपछि मलाई बोलाउनुभयो । अनि भन्नुभयो, 'यसरी जीवन चल्दैन, खाल्डाखुल्डीमा माछा मारेर हुँदैन, पोखरी ठेक्का लिएर माछाको व्यापार गर । तिमी मिहिनेती छौ, राम्रो हुन्छ ।' त्यसपछि मैले गाउँकै एकजनासँग पोखरी ठेक्कामा लिएर माछाको कारोबार सुरु गरेँ ।'

उनीसँग अहिले सात बिघा निजी क्षेत्रफलमा फैलिएका १५ वटा पोखरी छन् । यसबाहेक अन्य ७० वटा पोखरी उनले लिजमा लिएका छन् । उनले यी पोखरीमा माछा तथा भुरा उत्पादन गर्दै आएका छन् । सिलभर, बिग्हेट, नैनी, ग्रास, भाकुरा, कमल कार्पलगायतका विभिन्न जातका माछा र माछाका भुराको उत्पादन यस पोखरीमा हुँदै आएको छ । 'एउटा पोखरीमा वार्षिक साढे पाँच क्विन्टलसम्म माछा उत्पादन हुने गरेको छ,' मुखिया मत्स्य प्रजनन फार्मका सञ्चालक बौएलालले भने । उनका छोराहरू कन्हैया मुखिया र रमेश मुखियाले बाबुलाई व्यवसायमा साथ दिँदै आएका छन् । कान्छा छोरा रमेश वडाध्यक्षसमेत हुन् । आफ्नो फार्ममा २५ जना कामदारले प्रत्यक्ष रोजगारी पाएको उनी बताउँछन् । झन्डै १० हजार साना-ठूला व्यापारीहरूले यहाँबाट माछा किनेर अन्यत्र बिक्री गर्ने गरेको उनले बताए ।



कुनै समय गाउँका नहर तथा खाल्डाखुल्डीमा माछा मारेर जीविकोपार्जन गर्ने बौएलाल मुखिया अहिले वार्षिक चार करोडको हाराहारी माछाको व्यापार गर्छन् । उनको माछा फार्म अवलोकनका लागि देशभरबाट किसान आउने गरेका छन् । फार्ममा उत्पादित माछा छिमेकी भारतका दरभंगा, मधुवनीलगायत स्थानमा समेत निर्यात हुन्छ ।

भारतमा पनि माग

भारतमा पनि यहाँको माछा जान्छ । यहाँका माछा स्वादिलो र पोसिलो हुने गरेको भन्दै मानिस फार्ममै माछा किन्न आउने गरेको बौएलालले बताए । उनका अनुसार मधुवनी, दरभंगालगायतका ठाउँबाट मानिस आउने गरेका छन् । 'यहाँ उत्पादन भएका माछा किन्नका लागि पूर्व मेचीदेखि पश्चिमका जिल्लाहरूबाट समेत मानिस आउने गरेका छन्,' छोरा रमेश मुखियाले थपे । कक्षा ८ सम्म पढेका बौएलालले ०४८ सालमा ह्याचरी बनाउन नेपाल सरकारबाट २५ हजार आर्थिक सहयोग पाएका थिए । माछा उत्पादनसम्बन्धी ज्ञान लिनका लागि समेत किसान आफ्नो फार्ममा आउने गरेको उनले बताए । उनले भारत र बंगलादेशमा समेत अध्ययन भ्रमण गरिसकेका छन् । माछापालक किसानलाई प्रोत्साहन दिने गरी सरकारले नीति बनाउनुपर्ने उनको माग छ । भन्छन्, 'माछाको दानामा सिद्रा चाहिन्छ । भारतबाट ल्याउँदा भन्सार धेरै लाग्ने गरेको छ । त्यसैले भन्सार छुटको व्यवस्था हुनुपऱ्यो । माछापालन गर्ने किसानलाई माछा ढुवानीका लागि अनुदानमा गाडी उपलब्ध गराइनुपर्छ,' उनले थपे,'व्यवसायीलाई प्रोत्साहन गर्न सरकारले पोखरीहरूमा अक्सिजन प्लान्ट लगाउनु राम्रो हुन्छ ।' रामकृष्ण यादव कृषिमन्त्री भएको यस क्षेत्रलाई लक्षित गरेर यदुकोहामा माछा सुपरजोन कार्यालयको शिलान्याससमेत गरिएको थियो । तर, कांग्रेस नेतृत्वको सरकार ढलेपछि उक्त कार्यालय जनकपुर सारियो, त्यसयता माछा सुपरजोन हुनबाट यो क्षेत्र वञ्चित भएको वडाध्यक्ष तथा मुखियाका कान्छा छोरा रमेश मुखिया सुनाउँछन् ।

मुखियाको माछा व्यापार सफल हुँदै गएपछि उनको सामाजिक प्रतिष्ठा पनि बढ्दै गयो । यसपछि राजनीतिमा लागेका उनी ०५२ सालमा ननुपट्टी गाविसको अध्यक्षमा निर्वाचित भए । उनका छोराले व्यवसाय र राजनीति दुवैमा बाबुको पाइला पछ्याइरहेका छन् । ननुपट्टी अहिले सहिदनगर नगरपालिका- ४ मा पर्छ । ०७४ मा स्थानीय तहको निर्वाचन जितेर बौएलालका जेठा छोरा कन्हैया मुखियाले पाँच वर्ष वडाध्यक्षको जिम्मेवारी सम्हाले । ०७९ सालको निर्वाचनमा कान्छो छोरा रमेश वडाध्यक्षमा विजयी भए ।

...त्यसपछि कुकुर बन्यो सहारा



शान्ति तामाङ
thingshanti@gmail.com

सम्बन्ध



जेठको उखरमाउलो गर्मीबीच मानिसहरू आ-आफ्नो गन्तव्यतर्फ लम्किरहेका छन् । सडकमा गाडीको भिड उत्तिकै । यहीबीच चार-पाँचवटा कुकुरले एक महिलालाई घेर्छन् । ती महिलासँग केही खोजेजस्तो गर्छन् । यताउता हेर्छन् । कुकुरको यो व्यवहार देखेर पुरानो बसपार्क क्षेत्रको फुटपाथ पार गर्दै गरेका केही मानिस टक्क रोकिन्छन् । ती महिलाले आफू हातमा बोकेको झोलाबाट केही मासुका टुक्रा र केही भात ती कुकुरलाई दिन्छिन् । मासुभात खान पाएपछि ती कुकुर शान्त हुँदै आफ्नो बाटो लाग्छन् ।

> लक्ष्मीले दुई सन्तान जन्माइन् । छोरी अमेरिकी नागरिकसँग विवाह गरेर उतैको नागरिक बन्दा यता २९ वर्षको लक्काजवान छोरा गुमाइन् । गत ३ पुसमा ६ वर्ष पूरा भयो । यही शून्यतामा मल्हम लगाउन पनि आजभोलि उनका लागि कुकुर सहारा भएको छ ।

गर्मी होस् या जाडो, हावाहुरी आओस् या असिनापानी यही समय दैनिक ती कुकुरलाई यसरी नै खाना खुवाएर उनीहरूको भोक मेट्न पुग्छिन्, लक्ष्मी पोडे । करिब दुई दशक हुन थाल्यो, लक्ष्मीको जीवनको गति एकैनास यसरी नै चल्न थालेको । बिहान ९, दिउँसो साढे ३ र बेलुका ८ । यी तीन समय प्रदर्शनीमार्ग, पुरानो बसपार्क र क्षेत्रपाटी क्षेत्रका कुकुरको खाना खाने समय हो । लक्ष्मी धामपानी, हावाहुरी केही नभनी यी कुकुरका लागि दैनिक खाना लिएर पुग्छिन् ।

लक्ष्मी दैनिक २० देखि २५ सडक कुकुरलाई खाना खुवाउँछिन् । करिब २० वर्षअगाडि नेपाल ल क्याम्पसवरपर डुलिहिँड्ने एक-दुई वटा कुकुरलाई खाना खुवाउन थाल्दा लक्ष्मीलाई कुकुरको संख्यामा यति धेरै वृद्धि होला भन्ने लागेकै थिएन । अहिले कुकुरलाई खाना खुवाउन उनको श्रीमान् प्रेमबहादुर पोडेले पनि सघाउँदै आएका छन् । दुवैजना जागिरे जीवनबाट निस्केको समयका बीच कुकुरलाई समय दिइरहेका छन् । दैनिक आठ केजीसम्म मासु किनेर कुकुरलाई खुवाएको लक्ष्मीलाई याद छ । भात, बिस्कुट र अन्य खानेकुरा त कति किनिन् कति, हिसाब-किताबै छैन । 'कुकुरलाई ख्वाएर यति पैसा गइसक्यो भनेर मैले कहिले हिसाब गरेको छैन । कसैकसैले त सोध्छन्, कति पैसा जान्छ भनेर । अब कतिकति, हिसाबै राख्दैनौं,' लक्ष्मीले भनिन् ।

अहिलेसम्म लक्ष्मी र प्रेमले कमाएको पैसाले घर चलाउन र कुकुरलाई खुवाउन पुगेको छ । कुकुरलाई खाना खुवाउने पनि आफ्नो जिम्मेवारी नै ठान्ने उनी केही कुराको पर्वाह नगरी यसरी लाग्नुमा भने कुकुरको इमान्दारिता भएको बताउँछिन् । आफैं हेपिएकी, चेपिएकी लक्ष्मी, अहिले समाजले भुस्याहा भन्दै तिरस्कार गर्ने, हेयको दृष्टिले हेर्ने कुकुरको सहारा भएकी छिन् । आखिर लक्ष्मी कसरी सडकमा फालिएका कुकुरकै सेवामा लागिन् ? 'यिनीहरू इमानदार छन् । धेरै पढेर पनि मान्छेले बुझ्दैन । यिनीहरू बुझ्छन् । पढेका मान्छे कुकुरअगाडि आए गन्हाउने भन्दै लखेट्छन् । कुकुर बोल्न जान्दैन । हामी बोल्छौं । फरक त्यति मात्र हो,' उनले भनिन्,'कुकुर भनेपछि सबैले हेला गर्छन् । सडकमा हिँड्ने कुकुरलाई असाध्यै हेला गर्छन्, ढुंगाले हान्छन् ।'

सुरुवाती दिनमा कुकुरलाई खाना खुवाउन घरबाट बोकेर जाँदा लक्ष्मीले सासूबाट भनाइ नखाएकी होइनन् । जसरी कुकुरका लागि उनले दैनिक खानाको मात्रा बढाउन थालिन्, त्यसरी नै सासूले गाली बढाउन थालिन् । आजित भएर उनले बाहिरै खाना किनेरसमेत खुवाइन् ।

जहाँ पुगे पनि लक्ष्मी बस्ने ठाउँ र उनको घर कुकुरले पत्ता लगाएरै छाड्छन् । तीन वर्षअघिको कुरा हो, सबैतिरबाट कुकुरलाई हेयको दृष्टिले हेर्न थालिएपछि ६ वटा कुकुरलाई लक्ष्मीले रानीवनको जंगलमा लगेर फालिन् । लक्ष्मीले सोचिन्- अब ढुक्क भयो । तर, ती कुकुर एक महिनामै लक्ष्मीलाई खोज्दैखोज्दै आइपुगे । ती कुकुर लक्ष्मीको साथविना दुब्लो, पातलो, ख्याउटे भएका थिए । रोगले ग्रस्त भएको थिए ।

लक्ष्मी कडा लकडाउनको बीचमा पनि कुकुरलाई खान खुवाउन सडकमा पुगिन् । त्यो कष्टकर समयमा उनले

केदारनाथ : सिञ्जाको धार्मिक पर्यटकीय गन्तव्य



मानदत्त रावल
mandattar2010@gmail.com

पर्यटन

धार्मिक पर्यटकीय गन्तव्यका रूपमा परिचित जुम्लाको सिञ्जा क्षेत्रमा पर्ने केदारनाथ मन्दिर समुद्री सतहदेखि करिब ३५ सय मिटर उचाइमा पर्छ । लेकाली पाटन क्षेत्रको काखमा अवस्थित केदारनाथ मन्दिर सिञ्जा गाउँपालिका-४ बारेगाउँनजिकै पर्छ । नेपाली खस भाषाको उद्गम थलोको रूपमा परिचित सिञ्जा क्षेत्रकै लेकमा केदारनाथ मन्दिर रहेको छ । सिञ्जा क्षेत्रमा खस साम्राज्यका पालामा निर्माण भएका पुराना धार्मिक गन्तव्य कनकासुन्दरी मन्दिर, विराट दरबार, पाण्डव गुफा, देउल आदि छन् । त्यसमध्ये महत्त्वपूर्ण धार्मिक गन्तव्य केदारनाथ मन्दिर हो ।

केदारनाथको मूल कुण्डभित्र चढाइएका सयौं वर्ष पुराना तामा, पित्तल र चाँदीका विभिन्न आकार-प्रकारका सिक्काको थुप्रो र हजारौं वर्ष पुराना धातुजडित उत्कृष्ट कालिगढीले बनेका गौमुख भएका नुहाउने धारा थिए । तर, नजिकैका बासिन्दा भन्छन्, 'सबै सशस्त्र द्वन्द्वकालमा हराएर गए । निकै महत्त्वपूर्ण वस्तु नासिएर गए ।' द्वन्द्वकालमा आफ्नो धन जोगाउने कि तन जोगाउने अवस्था थियो । 'आफ्नो ज्यानै जोगाउन मुस्किल परेको वेलामा हामीले हाम्रो सांस्कृतिक सम्पत्ति जोगाउन सकेनौं,' बारेगाउँका ८३ वर्षीय चन्द्रबहादुर बुढा भन्छन्, 'हाम्रै आँखाले देखेका ती पुराना वस्तु अहिले हामीले





नै देख्न पाएका छैनौं । अहिले ती पुराना बहुमूल्य वस्तु झलझली आँखामा आउँछन् ।' खस साम्राज्य कालमा हाल भारतका चार धामभन्दा पनि पुरानो र वैभवताले भरिएको धाम केदारनाथ थियो भनिन्छ ।

अहिले केदारनाथ मन्दिरमा पुरानाजस्तै देखिने गौमुख धारा बनाइएका छन् । काठबाट बनेका गाईका तस्बिर छन् । ढुंगा कुँदेर बनाइएका मूर्ति पनि छन् । तर, निकै महत्त्व बोकेको प्रसिद्ध धार्मिक पर्यटकीय स्थल केदारनाथ उचित प्रचारप्रसार नहुँदा ओझेलमा परेको छ ।

सिञ्जाका जानकार रामसिंह रावल भन्छन्, 'खस राज्यकै पालामा केदारनाथ तीर्थस्थल बनेको हुनुपर्छ । तर, अहिलेसम्म हस्तलिखित कहींकतै भेटिएको छैन । हामी ८-९ वर्षको हुँदा त्यहाँ जाने गरेका थियौं । त्यहाँ निकै आकर्षक धातुले बनेका गाईका मुखबाट पानीको धारा आउने गरेको थियो । तर, अहिले केही छैन ।' त्यहाँ पुग्दा पवित्र भइने जनविश्वास छ । भक्तजनले मागेको वर मिल्ने र मनोकांक्षा पूरा हुने विश्वाससमेत छ ।

काठमाडौंको पशुपतिनाथ मन्दिरजस्तै प्रसिद्ध मन्दिर हो यो । तर, दूरदराजमा अवस्थित केदारनाथ मन्दिर पशुपतिनाथजस्तो मानिँदैन । यहाँ बाटोघाटो र सञ्चारको सुविधा छैन । तर, पनि विविध अड्चन झेल्दै धेरै टाढाबाट भक्तजन केदारनाथ मन्दिरमा पुग्ने गरेका छन् ।

> भनिन्छ- खस साम्राज्यकालमा हाल भारतका चार धामभन्दा पनि पुरानो र वैभवले भरिएको धाम सिञ्जाको केदारनाथ थियो

जिल्लाकै सबैभन्दा आकर्षण मानिएको पवित्र तीर्थस्थल केदारनाथलाई आन्तरिक तथा बाह्य पर्यटकीय क्षेत्रसँग जोड्न पहिलोपटक सिञ्जा गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी केदारनाथको महत्त्व र यसको पहिचानका विषयमा धार्मिक अगुवा सम्मेलन गरेको छ । भारतको प्रसिद्ध धार्मिक तीर्थस्थल केदारनाथ यहींबाट गएको भन्ने जनविश्वास छ । पूजा अर्चना गर्न यस ठाउँमा कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न ठाउँबाट तीर्थयात्री आउने गरेका छन् ।

समाजका अगुवासँग छलफल गरी हरेक वर्ष साउन पूर्णिमा एकादशीको दिन ठूलो मेला आयोजना गर्ने निर्णय गरिएको सिञ्जा गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालले बताए । उनले भने, 'पर्यटकीय क्षेत्रको विकास र पूर्वाधार निर्माणका लागि गाउँपालिकाले पर्याप्त बजेट लगानी गर्नेछ ।'

गाउँपालिका अध्यक्ष धितालका अनुसार यस स्थानलाई धार्मिक पर्यटकीय गन्तव्यका साथसाथै हिउँदमा हिँउको आनन्द लिँदै हिमाली क्षेत्रको जैविक विविधता र वनस्पतिको सौन्दर्य अवलोकन गर्न मिल्ने ठाउँ पनि बनाइनेछ । गाउँपालिकाले केदारनाथ मन्दिरसम्म जाने सडक निर्माण गरिसकेको छ । अभै सडकको स्तरोन्नति गरिने अध्यक्ष धितालको भनाइ छ । सिञ्जाको ऐतिहासिक, धार्मिक, पर्यटकीयस्थल पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न राज्यले यस क्षेत्रमा लगानी गर्नुपर्ने वडाध्यक्ष धनजित बुढाको पनि भनाइ छ । केदारनाथ मन्दिरनजिकै दहचौरमा कृत्रिम तालसमेत बनाइने भएको छ ।

कथाकार रत्न प्रजापति खदिँला कथा लेख्न खप्पिस छन् । समालोचनामा पनि कलम चलाउने रत्न हाम्रा वरपरका स-साना घटनालाई टपक्कै टिपेर कथा बुन्न सिपालु छन् । उनका प्रायः कथा यौनिक झल्कोमा लेखिएका पाइन्छन् । मान्छेका सुखदुःख, दैनिकी, सम्बन्ध र तिनीहरूबीच हुने स-साना कुरालाई मिठासयुक्त भाषा प्रयोग गरी सरल ढंगमा कथामा ढाल्ने सामर्थ्य राख्छन् । उनका यसअघिका कथा संग्रहहरूमा जस्तै 'रित्तो रथ'मा पनि विशेषतः यौनकै विषयले प्राथमिकता पाएको देखिन्छ । विभिन्न सामाजिक, सांस्कृतिक, राजनीतिक यथार्थलाई टेकेका ३२ वटा कथालाई 'रित्तो रथ'ले पाठकसामु विचरण गराएको छ ।

कथाहरू सजीव लाग्छन् । यथार्थवादी कथा लाग्छन् । हामीले देखेभोगेका कुराहरूकै वरिपरि घुम्छन् कथा । त्यहाँ मान्छेका जीवनमा आइलाग्ने विभिन्न परिस्थितिको चित्रण पाइन्छ । हाम्रो मस्तिष्कसम्म कथाहरूले स्पर्श गर्न सक्छन् । आममान्छेका भोगाइको भावबोध गराउन सक्छन् । थरिथरीका विषयवस्तु छन् कथामा । समसामयिकतामा टिकेका छन् कथाहरू । कथाकार बाँचेको युग, समाजको यौनिक चेत र समाजका समसामयिक यथार्थको प्रक्षेपण गर्न कथाकार सफल छन् । समाजमा लुकेका विभिन्न विषय र प्रसंगहरूले कथामा प्रवेश पाएका छन्, जहाँ यौन सौन्दर्यले प्रमुखता पाएको छ । त्यस सौन्दर्यलाई विभिन्न कथाका माध्यमले कथाकारले पर्गेल्ने प्रयत्न गरेका छन् । हाम्रा वरपरका लुकेका, छरिएका विषयवस्तुको सूक्ष्म अध्ययन र निरीक्षण गरी तिनलाई टपक्क टिपेर कथानक बान्कीमा ढाल्न सफल कथाहरू भएकाले पाठकीय प्रभावको दृष्टिले कथाहरूले आकर्षण गर्न सक्ने सामर्थ्य राख्छन् ।

शीर्ष कथा 'रित्तो रथ' एक उत्कृष्ट कथा हो । मुख्यपात्र ज्ञानीमायाको वरिपरि घुमेको यो कथामा उनको यौन चाहना प्रतिबिम्बित भएको देखिन्छ । सुकोमल र व्यथित नारीमनको चरित्र दर्साएको यो कथाले नेवारी समुदायको जात्रामा रथ तान्ने प्राचीनतम संस्कृतिबारे पाठकसामु जानकारी दिन्छ । जात्रामा हुने भेटघाट, प्रेमलाप, धर्मको नाउँमा गरिएका वाचाबन्धन आदि प्रसंगको सत्यापन गर्छ । 'म्यादी', 'घुँक्कघुँक्क', 'हाइफाइभ', 'भाँडो,' 'जिजीविषा' जस्ता कथाले प्रेम र यौनिकताको उजागर गरेका छन् । यी कथा सांस्कृतिक पृष्ठभूमिभित्र रहेर लेखिएका छन् । यिनमा नेवार समुदायको विभिन्न





खाना खुवाउने कुकुरको संख्या बढेर ६०-७० सम्म पुग्यो । 'लकडाउनमा मोटरसाइकल रोक्छ भनेर बुढा आएन । म एक्लैले दुईवटा झोलामा खानेकुरा बोकेर कुकुरलाई खुवाएँ,' उनले भनिन् ।

करिब दुई दशकदेखि कुकुरलाई खाना खुवाउँदै आएकी लक्ष्मीलाई अचेल मान्छेभन्दा कुकुर प्यारो लाग्छ । उनले आफ्नै घरमा समेत तीनवटा कुकुर पालेकी थिइन् । अहिले एउटा कुकुर उनको घरमा छ । दैनिक तीनपटक कुकुरलाई खाना, पानी खुवाउन समय निकाल्ने उनी कुकुरकै कारण घरभन्दा बाहिर कहिल्यै बस्दिनन् । उनको घरको पहरेदारी अचेल तिनै कुकुरले गर्छन् । ती कुकुरकै कारण लक्ष्मीलाई दिनभर घर छोडेर हिँड्न ढुक्क भएको छ । सुरुवाती दिनमा कुकुरको इमान्दारिताबाट प्रभावित भएर खाना खुवाउन थालेकी लक्ष्मीका लागि आजकाल कुकुरलाई खाना खुवाउनु आदत भएको छ । कुकुर उनका लागि सहारा पनि भएको छ ।

लक्ष्मीले दुई सन्तान जन्माइन् । छोरी अमेरिकी नागरिकसँग विवाह गरेर उतैको नागरिक बन्दा यता २९ वर्षको लक्का जवान छोरा गुमाइन् । गत पुस ३ गते ६ वर्ष पूरा भयो । यही शून्यतामा मल्हम लगाउन पनि आजभोलि उनका लागि कुकुर सहारा भएको छ । अमेरिकी नागरिक छोरीले उनलाई अमेरिका आउन आग्रह नगरेकी भने होइनन् । उनले पनि एकपटक अमेरिका जाने प्रयास गरिन् । तर, त्यो प्रयास असफल भयो । भिसाका लागि प्रयास गर्दा उनको ४० हजार सकियो । त्यो ४० हजारले उनले अरू धेरै कुकुरका लागि औषधि उपचार र खानाको जोहो गर्न सक्थिन् भन्ने लागिरह्यो । अब उनलाई देश छोडेर जाने कुनै रहर छैन ।

> उमेरले ५७ वर्ष पार गरेकी लक्ष्मी रत्नराज्य लक्ष्मी क्याम्पसमा सफाइको काम गर्छिन् । सेवानिवृत्त हुन अझै पाँच वर्ष बाँकी छ । उमेरले खुड्किलो उक्लिँदै गए पनि उनको दिनचर्यामा भने फरकपना आएको छैन । बिहान पाँच बजे नै उठेर कुकुरका लागि खाना तयार पार्छिन् अनि क्याम्पसको सरसफाइ सबै भ्याउँछिन् ।

विकसित देश अमेरिका गएर छोरीसँग बस्ने पनि कुनै इच्छा छैन । किनकि उनीसँग यी बथान कुकुर साथ छन् । 'मान्छेहरूले तिम्रो छोरी अमेरिकामा छ । अमेरिका जानु भन्छन् । तर, मलाई इच्छा छैन । राम्रो छ भन्दैमा अर्काको देशमा किन जाने ? मलाई बाहिर जाने मनै छैन,' उनले भनिन् ।

लक्ष्मीले विभेदका घटना झेलिन् । उनी काठमाडौंको मुख्य सहर क्षेत्रपाटीमा हुर्किइन् । उनकी आमाले सफा गरेको चोकमा मानिसले पूजा गर्थे । तर, त्यो चोकबाट भित्र जाने अनुमति उनी र उनको परिवारलाई थिएन । मानिसलाई घरभित्र छिर्न अनुमति नभएकै वेलादेखि उनले कुकुर पाल्न र त्यसलाई खाना खुवाउन थालेकी हुन् । उनको स्मृतिमा अझै ताजै छ, आफूले समेत बाहिरै बसेर खाएको । 'त्यो वेलामा घरभित्र पस्न दिँदैनथ्यो । तलै बस्नुपर्थ्यो । तिमीहरू ह्याँ नछो नछो भन्थे,' विगत सम्झँदै उनले भनिन्,'हामीले बाहिरै बसेर खायौँ । अहिलेजस्तो बुद्धि आएको भए झगडा गर्थ्यौं ।' अचेल उनले त्यस्तो विभेद भोग्नुपर्दैन । तर, ती दिन भने उनको स्मृतिमा ताजै छन् ।

आजकाल उनको परिवारभित्रै बाहुन, क्षेत्री र जनजाति समुदायबीच बिहेवारी चल्न थालिसकेको छ । राष्ट्रिय दलित आयोगले नै नेवार समुदायमै रहेका देउला, पुजारी, जलारी, कुचीकार, च्यामखललाई दलितको सूचीमा राखेको छ । अचेल आफ्नालाई गरेको अपमान, विभेदका कारण उनका परिवारभित्रैका धेरै सदस्यले पोडे लेख्न छाडेर, देउला, पुजारी थर लेख्न थालेका छन् ।

लकडाउनमा आफू एक्लै कुकुरलाई खाना खुवाउन धाएकी उनले आजकाल भने आफू नसक्ने हुँदा श्रीमान्लाई खाना दिएर पठाउँछिन् । तर, कुकुरलाई भोको राख्दिनन् । ती कुकुर अचेल लक्ष्मीका श्रीमान् प्रेमसँग पनि अभ्यस्त हुन थालेका छन् । प्रेमको मोटरसाइकलको हर्न कुकुरले चिन्छन् । बाइकको हर्न बज्नेबित्तिकै कुकुर जम्मा हुन्छन् ।

उमेरले ५७ वर्ष पार गरेकी लक्ष्मी रत्नराज्यलक्ष्मी क्याम्पसमा सफाइको काम गर्छिन् । सेवानिवृत्त हुन अझै पाँच वर्ष बाँकी छ । उमेरले खुड्किलो उक्लिँदै गए पनि उनको दिनचर्यामा भने फरकपना आएको छैन । बिहान पाँच बजे नै उठेर कुकुरका लागि खाना तयार पार्छिन् अनि क्याम्पसको सरसफाइ सबै भ्याउँछिन् । आफू बाँचुन्जेल यिनै कुकुरको सहारा भएर बाँच्ने अठोटसमेत लिएकी छिन् । 'सकुन्जेल खुवाउने हो,' लक्ष्मीले भनिन्,'मेरो छोरो नभएको कारण एक दिन सासूले मरेपछि के गर्छौं तिमीहरू भनिन् । मरेपछि बूढाले बूढीलाई बूढीले बूढालाई दागबत्ती दिने भनेँ । सासूआमा चुप लागिन् ।'

कुकुर सडकमा आउने अवस्था नै अन्त्य हुनुपर्ने लक्ष्मी बताउँछिन् । 'कुकुर पाल्छपाल्छ पछि बाटोमा ल्याएर फाल्छ । मान्छेहरूले यस्तो गर्नुहुँदैन,' उनी भन्छिन् ।

मजदुरी गर्दै कविता कोर्दै



कवि इन्द्र राना भन्छन्, 'विनाअध्ययन सिर्जना गर्न सकिँदैन । खुराकका लागि पनि पढ्न त पऱ्यो । समय मिलेसम्म म दिनभर पढेर बस्छु । नपढीकन त आजभोलि निद्रै नलाग्ने भइसक्यो ।'

स्थायी ठेगाना स्याङ्जाको क्याक्मीमा भए पनि भारतको मेघालय सिलोङमा १५ जेठ २०२० मा जन्मेका हुन् कवि इन्द्र राना । उनको बुबाआमा रोजगारको क्रममा भारत गएका थिए । उनी भारतकै विद्यालयमा पढ्न थाले । परिवारको कमजोर आर्थिक अवस्थाका कारण उनले कक्षा पाँचसम्म मात्र अध्ययन गर्न सके । त्यसपछि उनी कामको खोजीमा लागे । १३ वर्षको उमेरदेखि मजदुरी सुरु गरे । सुरुमा पानी वितरण गर्ने सबडिभिजनमा काम गरे । त्यसवेला उनको दैनिक ज्याला मात्र तीन रुपैयाँ थियो । पानीको काम तीन चार वर्ष गरे । त्यसपछि अन्य ज्यालादारी र मजदुरीका काममा समय बिताए ।

करिब २२ वर्ष भारतमै बसेर ०४२ सालमा नेपाल फर्के । भन्छन्, 'मलाई भारत बसिरहन मनै लागेन ।' नेपाल फर्केपछि उनी आफ्नो पुख्यौंली थलो क्याक्मी आएर एक वर्ष बसे । विद्यालय भर्नासमेत भए, तर विज्ञान र गणित पढ्न गाह्रो भएपछि उनले पढाइ छाडे । त्यसपछि रोजगारीको खोजीमा ०४३ सालमा पोखरा आए ।

पोखरा आएपछि सुरुमा चाइनिज कम्पनीको निर्माण क्याम्पमा बसे र ओल्डिङको काम गरे । ती दिन सम्झँदै उनी भन्छन्, 'तलब मासिक १३ सय रुपैयाँ थियो । त्यहाँ ३० महिना काम गरे ।' त्यसपछि उनले पोखराको न्युरोडमा दैनिक ३५ रुपैयाँमा ज्यामी काम गरे । पछि मिस्त्री बने । मिस्त्री बन्दा उनको ज्याला दैनिक ५० रुपैयाँ पुग्यो । पछि रंगको काम पनि सिके । त्यसपछि उनको ज्याला बढेर ६० रूपैयाँ पुग्यो ।

घर रंग्याउने काम सधैँ पाएनन् । त्यसपछि पोखराको नारायणस्थान मन्दिरमुनिको सेती नदी किनारबाट बालुवा बोक्ने र चाल्ने काम गरे । पोखरामा यसरी नै उनको करिब ३७ वर्ष वित्यो । हाल उनले विगत ६ महिनादेखि पोखराको विन्ध्यवासिनी मन्दिरमा कर्मचारीको रूपमा नरिवल फुटाउने र प्रसाद बनाउने काम गर्दै आएका छन् ।

कवि इन्द्रले ०३९ सालमा विहे गरे । नेपाल आउँदा एक छोरीको जन्म भइसकेको थियो । त्यसपछि एक छोरी र दुई छोराको जन्म भयो । चार वर्षअघि श्रीमतीको मृत्यु भयो । ठूली छोरीको बिहे भइसक्यो । ठूलो छोरा रोजगारीका लागि विदेशमा छन् भने सानो छोरा प्लस टु र छोरी एसइई दिएर बसेकी छिन् ।

यसरी गयो साहित्यतिर मन

'भारतमा हुँदा थुप्रै हिन्दी पत्रपत्रिकाहरू पढ्थेँ । वेद प्रकाश शर्मा, ओम प्रकाश शर्मा लगायतका लेखकहरूको उपन्यास पढेँ,' उनी भन्छन् । पछि सुवास घिसिङ, प्रकाश कोविदहरूको उपन्यास र अन्य किताब पनि पढ्न सुरु गरे । पत्रपत्रिका र उपन्यास पढ्ने क्रममा लेख्ने बानी बढ्दै गयो । फुटकर कविता लेखे । एक दिन उनको साथी वीरेन्द्र तुम्बापो 'प्रतीक' उनको कोठामा आए । उनले इन्द्रले लेखेका कविताहरू देखे । छापिन लायक कविताहरू देखेपछि उनले लिएर गए ।

इन्द्रका अनुसार त्यसवेला 'सहकारी समीक्षा' भन्ने मासिक पत्रिका छापिन्थ्यो । सोही पत्रिकामा पहिलोपटक उनको एउटा कविता छापियो । शीर्षक थियो, 'अधिकार लिन जुटौं ।' इन्द्र भन्छन्, 'यो ०३७ सालको कुरा हो ।' पत्रिकामा आफ्नो नामसहित कविता छापिएपछि उनी दंग परे । 'मेरो नाम पनि पत्रिकामा छापिएछ, भन्दै उनी धेरै खुशी भए,' इन्द्र हाँस्दै सुनाउँछन्,'मैले पनि लेख्न सक्ने रहेछु भन्ने आँट आयो ।'

इन्द्रको आत्मविश्वास बढ्यो । त्यसपछि उनले अन्य पत्रपत्रिकामा पनि कविता पठाउन थाले । भारतमा रहँदा उनका एक दर्जन कविता विभिन्न पत्रपत्रिकामा छापिए । इन्द्र भन्छन्, 'सायद मेरो भेट प्रतीकसँग नभएको भए आजको अवस्था आउने थिएन । उहाँको प्रेरणाले उपन्यास र पत्रिका पढ्न थालेँ । आज मैले कविका रूपमा जसरी परिचय बनाएको छु यसमा प्रतीकको योगदान ठूलो छ ।' भारतमा रहँदा उनले २५ बटा कविता सिर्जना गरेका थिए । त्यसमध्ये एक दर्जन पत्र-पत्रिकामा छापिए ।

नेपाल आएपछि लमजुङका कवि तथा प्रकाशक दीपक सोतीसँग इन्द्रको भेट भयो । दीपकले त्यसवेला 'समय धारा' भन्ने मासिक पत्रिका प्रकाशन गर्थे । दीपकले उनलाई पोखराका लेखकहरूलाई चिनाउन मदत गरे । लेखकहरूसँगको चिनजानपछि साहित्यका विभिन्न कार्यक्रममा जाने बानी बस्यो । त्यसपछि उनको हिम्मत झनै बढ्यो । स्थानीय पत्रपत्रिकामा आफ्नो रचना पठाउन सुरु गरे । विस्तारै उनी पोखरामा स्थापित भए ।

विगत केही वर्षदेखि स्याङ्जाका व्यवसायी सुरज उपाध्यायले पनि उनलाई सहयोग गरिरहेका छन् । कमजोर आर्थिक अवस्थाका कारण उनले मजदुरी नगरी सुखै थिएन । भन्छन्, 'यहाँ काम गर्नुभन्दा पहिले म दिनभरि मजदुरी गर्थें, अनि बेलुकी घरमा गएर कविता लेख्न बस्थेँ । कुनै कविता पूरा गर्न केही महिना लाग्थ्यो । केही एक दिनमै तयार हुन्थे ।'

कविता त्यत्तिकै लेख्न नहुने र कविमा जिम्मेवारीबोध हुनुपर्ने इन्द्रको भनाइ छ । सिर्जनाका लागि कसरत गर्नुपर्ने पनि उनी बताउँछन् । भन्छन्, 'सिर्जनाका लागि ठूलो कसरत गर्नुपर्छ ।' केही साताअघि मात्रै उनको कवितासंग्रह 'भुइँ मान्छेका कविता' काठमाडौंमा विमोचन भयो । कवितासंग्रह प्रकाशित भएपछि अब केही गर्नुपर्छ भन्ने आँट र जाँगर बढेको उनी सुनाउँछन् । भन्छन्,'जबसम्म आँट र जाँगर रहिरहन्छ तबसम्म मेरो कलम रोकिँदैन ।'

कवि इन्द्र मान्छे मरेर जान्छ, तर विचार कहिल्यै मरेर जाँदैन भन्छन् । उनी विचारको लडाइँ लड्न छाड्नु हुँदैन र कहिल्यै पनि थाक्नुहुँदैन भन्छन् । आफ्नो विचार धारिलो बनाउन उनले पुस्तक किनेर पढे । अग्रज लेखकका पुस्तक अध्ययन गर्न थालेपछि बलियो र सशक्त कविताहरू सिर्जना गर्ने क्षमता बढेको उनको अनुभव छ । भन्छन्, 'विनाअध्ययन सिर्जना गर्न सकिँदैन । खुराकका लागि पनि पढ्न त पऱ्यो । समय मिलेसम्म म दिनभर पढेर बस्छु । नपढीकन त आजकाल निद्रै नलाग्ने भइसक्यो ।'

विश्व मजदुर दिवसका दिन १९ वैशाखमा उनको कवितासंग्रह बजारमा आयो । यो पहिलो संग्रहमा ३३ वटा कविता छन् । सोही दिन काठमाडौंमा उनको पहिलो एकल कवितावाचन कार्यक्रमसमेत भएको थियो । सोही कार्यक्रममा उनले ५१ हजार राशीको पुरस्कार समेत पाए । उनको कवितासंग्रह 'बुक्स हिमालय'ले प्रकाशन गरेको हो । कवितासंग्रह बिक्रीबाट आएको शतप्रतिशत रकम प्रकाशकले ग्रष्टालाई नै दिने र वर्षको एउटा किताब प्रकाशन गर्ने बचन समेत दिएको छ । इन्द्र भन्छन्, 'बाल्यकालमा मेरा केही सपना थिएनन् । तर, अहिले धेरै सपनाहरू सजाएको छु । केही गर्नुपर्छ भन्ने आँट र विश्वास ममा पलाएको छ ।'



रोहितराज पराजुली
newsrohitraj@gmail.com

साहित्य

'रित्तो रथ' नियाल्दा



प्रदीप सापकोटा
psmile333@gmail.com


चर्चा

सांस्कृतिक आयामको जानकारीसमेत जोडिएको छ । यी कथामा यौन मनोविज्ञानको प्रचुरता पाइन्छ । कुनै कथामा महिलामाथि पुरुषले लगाउने गिद्दे नजरको मनोवृत्ति पाइन्छ त कतै रतिरागलाई जीवनको अपरिहार्यताको रूपमा चित्रण गरिएको पाइन्छ ।

कथाहरूमा मानिसका दुःखपीडाका कुरा छन् । कुनैपनि कुराको अभावले मानिसको जिन्दगीमा पार्ने नकारात्मक असरको चर्चा गरेका छन् । अभाव र तिनको सन्त्रासले गुटमुटिएका जिन्दगीका व्यथा रत्नले पोखेका छन् । धन दौलतको वैभवले मात्तिएकाहरूको चरित्र चित्रण गरिएका छन् । यौन बेथितिमा लाग्न बाध्य पारिएका अवस्थाहरू उजागर गरिएका छन् । यी कथाले निम्नमध्यम वर्गीय जीवनको चित्रण गरेका छन् ।

'खर्पन' र 'भुँला' नेपाली कृषिप्रधान परिवेशसँग गाँसिएका कथा हुन् । पहिलो कथा राज्यले गुठीप्रथामाथि ल्याएको कानुनी व्यवस्थासँग सम्बन्धित छ भने 'भुँला' खेतिपाती गर्ने किसानसँग सम्बन्धित छ । दाजुभाइबीचमा जग्गा किचोलोको झगडा हुँदा कसरी विखण्डित हुनुपर्दो रहेछ भन्ने यथार्थवादी धारमा कथा बगेको छ ।

रत्नका कथामा दृश्य परिवर्तन हुन्छन्, यौनिकता भने छाइरहन्छ । विपरीत लिंगप्रतिको आकर्षण र तिनमा आएका यौन चाहना कथामार्फत उजागर गर्ने प्रयास गरेका छन् । कथामा यौनप्रतिको चाह सबैलाई हुने तथ्यलाई रोचक ढंगले प्रस्तुत गरिएको छ, जसमा सत्यता पाइन्छ । समाजका विभिन्न तह र तप्कामा हुने यौनिक रहस्योद्घाटन गर्न कथा सफल छन् । कथ्यका दृष्टिले उनका सबै कथा वास्तविक, यथार्थपरक देखिन्छन् । हाम्रो समाज र जीवनका दैनिक यथार्थमा देखिएका कथ्यहरूको स्वाभाविक प्रयोग गर्न हिम्मत गर्नु उनको कथाकारिताको विशेषता हो । विसंगतपूर्ण समाजको यथार्थ चित्रण गर्न सफल हुनु, एकदम सामान्य कथ्यको प्रस्तुति गरेर पनि पाठकलाई कुतूहलपूर्ण र रोमाञ्चक बनाउन सक्नु, यौनतुष्टि, यौनभित्रका छटपटी र निको प्रकटीकरणका कुरा उनका कथाका विशेषता हुन् । जीवनका दुरुह र जटिलतामा मान्छे बाँचेको हुन्छ भनेर खोजी गर्न कथाकार सफल भएका छन् ।




> कथ्यका दृष्टिले कथाकार रत्न प्रजापतिका सबै कथा वास्तविक, र यथार्थपरक देखिन्छन् । हाम्रो समाज र जीवनमा देखिएका कथ्यहरूको स्वाभाविक प्रयोग गर्न हिम्मत गर्नु उनको कथाकारिताको विशेषता हो ।

प्रजापतिको 'रित्तो रथ'मा आफ्नै समय र परिवेश छ । आफ्नो यौवन बेच्न विवश पात्रको व्यथा, घरमा श्रीमती हुँदाहुँदै परस्त्रीसँग सम्बन्ध राख्नेप्रतिको नकारात्मकता, जग्गाको विवादमा फसेका दाजुभाइको घर खण्डहरको व्यथा, परिवार धान्न नसकी बिदेसिएको नेपालीको दुर्नियतिको कहानीलगायत धेरै विषय कथामा छन् ।

विभिन्न यौगिक तत्त्वको सहभागितामा कथा बनेका छन् । कथाको वस्तु, पात्र र तिनको चरित्र, संवादको उपयुक्त चयनले कथाहरू मिठा बनेका छन् । समसामयिक र यथार्थवादी भावभंगीका कथा दुरुह छैनन् । धेरै कथाहरू नेवारी समाज, संस्कृति र परिवेशवरपर रहेर सिर्जना गरिएका छन् । धेरै लामा छैनन्, एकै बसाइमा पढ्न सकिने कथा छन् । कथाका भाव, कथ्य सरल छन् । कथ्यको प्रस्तुतीकरणमा मौलिकताको छनक पाइन्छ । यति हुँदाहुँदै पनि वर्णविन्यासमा यदाकदा दोष पाइन्छ । कथामा कतै-कतै अनावश्यक भूमिका बाँधिएको हो कि जस्तो भान पर्छ । कतै अलिक अपत्यारिला सन्दर्भको संयोग देखिन्छ । यस्तो सामान्य कमी-कमजोरीबाहेक आकर्षक आवरणमा रहेको यो कथासंग्रह हाम्रो सामाजिक यथार्थवादी धारको ऐनाजस्तो लाग्छ । सामान्य पाठकले सजिलै बुझ्न सक्ने गरी लेखिएका कथा क्लिष्टताबाट सयौँ कोस पर छन् । समाजका यथार्थ विसंगतिहरू कथाकारले मज्जाले देखाएका छन् । कथाहरूले पाठकको भित्री मनसम्म उद्वेलित गराउने खुबी राख्छन् । कथाकारलाई बधाई ।

मिटरब्याज
'आदिम सञ्चय'को नेपाली संस्करण

मिटरब्याजको सार र उद्देश्य १६औँ शताब्दीको बेलायतको 'बार बार्ने अभियान'जस्तै छ, जसको उद्देश्य थियो- किसानलाई उनीहरूको जमिनबाट बेदखल गराउने





राजेन्द्र खरेल
sahitikvikram@gmail.com
समाज

सन् १५४२ मा बेलायतका राजा हेनरी आठौँले आफ्ना मित्र तथा प्रशासक सर विलियम हर्बर्टलाई एउटा पुरानो मठ र मठवरिपरि रहेको खेत बक्सिस् दिएका थिए । हर्बर्टले मठ भत्काएर ठूलो बंगला बनाए । उनलाई खेतको आवश्यकता थिएन । खेतलाई मासेर उनले ठूलो जंगल बनाए जहाँ हरिणलगायतका जनावर राखिए । उक्त क्षेत्रलाई हर्बर्टले सबैतिरबाट बारले घेरे र निजी सिकार क्षेत्र बनाए ।

बारले घेरेको खेतलाई स्थानीयहरूले मठसँग भाडामा लिएर कमाउने गर्थे । खेतबाहेकको जमिन सार्वजनिक चरन क्षेत्र थियो । जमिन निजी सिकार क्षेत्रमा परिणत भएपछि गाउँलेहरू जमिन कमाउन र चरण क्षेत्रको रूपमा प्रयोग गर्नबाट वञ्चित भए । गाउँलेहरूको जीविकाको मुख्य स्रोत त्यही जमिन थियो । उनीहरूले हर्बर्टले लगाएको बारलाई भत्काएर आफ्ना पशुहरू चराउन थाले । आफूले पाएको बिर्तामा गाउँलेहरूको 'अवैधानिक प्रवेश' हर्बर्टका लागि सह्य थिएन । उनले सरकारी र आफ्ना निजी सुरक्षा दल प्रयोग गरेर किसानहरूमाथि दमन गरे । कैयौँ किसान मारिए । उनीहरूका घरमा आगो झोसियो । मान्छेहरू ज्यान बचाउन भागेर सहर छिरे । १६औँ शताब्दीमा बेलायतमा किसानलाई सार्वजनिक र निजी जमिनबाट बेदखल गराउने असंख्य घटनाहरूमध्ये यो एउटा प्रतिनिधिमूलक घटना थियो ।

ठूला प्रशासक, भूमिपति र पुँजीपतिहरूले सार्वजनिक र निजी जमिनलाई बलपूर्वक हत्याउँथे र त्यो क्षेत्रलाई बारले घेर्दथे । यो कार्यलाई 'बार बार्ने अभियान' भनिन्थ्यो । आयन अंगसका अनुसार 'बार बार्ने अभियान'ले सन् १५३० देखि सन् १६४० सम्म सघनता पाएको थियो । यो समय पुँजीवादी व्यवस्थाको उषाकाल थियो र पुँजी सञ्चयको यही नै प्रारम्भिक चरण र प्रक्रिया थियो ।

शास्त्रीय अर्थशास्त्रीहरू र उनीहरूका समर्थकहरू पुँजीवादी व्यवस्थाको सुरुवात स्वाभाविक र सरल तरिकाले भएको उद्घोष गर्दछन् । आयन अंगसले क्रिस्चियन समाजमा पुँजीवादको उत्पत्तिबारे व्याप्त धारणालाई संक्षेपीकरण गर्दै लेखेका छन्, 'धेरै अघि दुई प्रकारका मान्छे थिए, पहिलो वर्गका मान्छे मिहिनेती र बौद्धिक थिए भने दोस्रो वर्गका मान्छे अल्छी, धूर्त र खर्चालु थिए । पहिलो वर्गका मान्छेहरूले धनसम्पत्ति सञ्चय गर्न सफल भए भने दोस्रो वर्गका मान्छेहरूसँग बाँच्नका लागि आफ्नो हाडछाला बेच्नुको विकल्प रहेन ।'

एडम स्मिथ र उनीपछिका अर्थशास्त्रीहरू यही विचारबाट दीक्षित थिए । शास्त्रीय अर्थशास्त्रीहरू निजी सम्पत्तिको उद्भव पवित्र प्रक्रियाबाट हुन्छ भन्ने मान्यता राख्थे । एडम स्मिथले पुँजीको सुरुवाती सञ्चयलाई 'पुरानो सञ्चय' भनेका छन् । पुँजीको 'पुरानो सञ्चय'का कारण पुँजी सञ्चयकर्तालेधेरै मजदुरलाई काम लगाउन सफल हुन्छ । काममा धेरै मजदुरहरूको संलग्नताले विशिष्टीकरण र श्रम विभाजन सम्भव हुन्छ भन्ने एडम स्मिथको मान्यता थियो । एडम स्मिथको 'पुरानो सञ्चय'को अवधारणालाई खण्डन गर्दै कार्ल मार्क्सले पुँजीको पहिलो खण्डमा 'कथित आदिम सञ्चय' शीर्षकको अध्याय लेखेका छन् । मार्क्सले पुँजीवादी व्यवस्थाको प्रारम्भको इतिहास 'रगत र आगोको अक्षरले लेखिएको' उल्लेख गरेका छन् ।

पुँजीवादी व्यवस्थामा पुँजीपति र मजदुर वर्गसँगै थोरैथोरै सम्पत्ति भएको मध्यम र निम्न मध्यमवर्ग पनि रहन्छन् । पुँजीवादको सुरुवाती समयमा यिनै वर्गका मान्छेहरूको बाहुल्य रहेको हुन्छ । धेरथोर जमिन भएका किसान हुन्छन् । आफ्नै लगानीमा घरेलु उद्योग चलाइरहेका कालीगढहरू हुन्छन् । ठूलो मात्राका प्रत्यक्ष उत्पादकको सानो मात्रामा भए पनि सम्पत्तिमा स्वामित्व हुन्छ । सानो मात्राको सम्पत्ति स्वामित्व पुँजीवादको विकासका लागि तगारो बन्न पुग्छ । धेरै मान्छे आफ्नै जमिनमा इलम गरेर बसिरहने हुँदा ठूला कारखानाले मजदुर पाइरहेका हुँदैनन् । जीवनयापनका वस्तुका लागि यी वर्गका मान्छे आफ्नै जमिन र उद्योगमा निर्भर हुने हुँदा कारखानाका उत्पादनले बजार पाउँदैनन् । पुँजीवादी व्यवस्थाको अगाडिको वृद्धि र विकासका लागि प्रत्यक्ष उत्पादकलाई उनीहरूको सम्पत्तिबाट अलग्याउनुपर्ने हुन्छ । प्रत्यक्ष उत्पादकलाई उनीहरूको सम्पत्तिबाट अलग्याउने प्रक्रिया हिंसात्मक र दर्दनाक हुन्छ । मार्क्स पुँजीमा लेख्छन्, 'छरिएर रहेका ससाना निजी सम्पत्ति पुँजीवादी निजी सम्पत्तिमा परिणत हुने प्रक्रिया पुँजीवादी निजी सम्पत्ति समाजवादी सम्पत्तिमा परिणत हुने प्रक्रियाभन्दा लामो, हिंसात्मक र अप्ठ्यारो हुन्छ ।'

सम्पत्तिबाट बलपूर्वक उठीवास लगाइएका मान्छेहरूसँग बाँच्नका लागि पुँजीपतिको कारखानामा आफ्नो श्रम बेच्नुबाहेक अर्को विकल्प हुँदैन । कुनै समय आफ्नै सम्पत्तिको मालिक भएका मान्छेहरू ज्यालादारी मजदुरमा परिणत हुन्छन् । हजारौँ मान्छेको सम्पत्ति केही थान पुँजीपतिहरूमा केन्द्रित हुन पुग्छ । १६औँ शताब्दीको बेलायती 'बार बार्ने अभियान'ले पुँजीवादको यही आवश्यकता पूरा गरेको थियो । जबसम्म पुँजीवादी समाजमा सानोतिनो सम्पत्ति र थोरै उत्पादनका साधनसहितको प्रत्यक्ष उत्पादक रहन्छन् ठूला पुँजीपतिहरूले उनीहरूको हरेक प्रकारका सम्पत्तिमाथि बलात् अधिकरण गरिरहन्छन् । प्राध्यापक प्रभात पटनायकका अनुसार विकासशील देशका सहरमा वालमार्टका शाखा खुल्दा सयौँ किराना पसल बन्द हुनुपर्छ । यो आदिम सञ्चयको अहिलेको संस्करण हो । प्राक् पुँजीवादी समाजबाट सुरु भएको हुनाले यो प्रक्रियालाई आदिम सञ्चय भनिए तापनि यो प्रक्रिया अहिले पनि जारी छ । नेपालजस्ता तेस्रो विश्वका देशमा धेरै किसानसँग सानै टुक्रा भए पनि जमिन छ । किसानहरूलाई जमिनबाट उठीवास लगाएर सीमित व्यक्तिहरूमा जमिनको केन्द्रीकरण गर्न यी देशमा अनेक हतकन्डा अपनाइएको छ । नेपालमा विकराल बन्दै गइरहेको मिटरब्याजको समस्या आदिम सञ्चयको एउटा रूप हो । मिटरब्याजको रूप र प्रक्रिया १६औँ शताब्दीको बेलायतको 'बार बार्ने अभियान'भन्दा फरक देखिए तापनि यी दुवैको सार र उद्देश्य एउटै हो, किसानहरूलाई उनीहरूको जमिनबाट बेदखल गराउने ।

> नेपालजस्ता तेस्रो विश्वका देशमा धेरै किसानसँग सानै टुक्रा भए पनि जमिन छ । किसानलाई जमिनबाट उठीवास लगाएर सीमित व्यक्तिमा जमिनको केन्द्रीकरण गर्न यी देशमा अनेक हतकन्डा अपनाइएको छ । नेपालमा विकराल बन्दै गइरहेको मिटरब्याजको समस्या आदिम सञ्चयको एउटा रूप हो ।

वैशाखको धुपको पर्वाह नगरी मिटरब्याजविरुद्ध काठमाडौंमा भइरहेको आन्दोलनमा सहभागीहरूमध्ये रामराजी लहरी पनि एक हुन् । उनको मध्यम वर्गीय परिवारले सुख-दुःख गरी जीविका चलाइरहेको थियो । परिवारको स्वामित्वमा घरगोठसहित १० धुर जमिन थियो । उनीहरूले छिमेकमा रहेको १६ धुर जमिन पनि थप्ने निर्णय गरे । जमिन किन्नलाई सात लाख रुपैयाँ अपुग हुने भयो । अपुग पैसा गाउँको महाजनसँग ऋण लिने र किन्दै गरेको १६ धुर जमिन महाजनकै नाममा रजिस्ट्रेसन पास गरिदिने सहमति भयो । देहातमा ऋण लिँदा ऋण दाताको नाममा जमिन पास गरिदिने आमचलन रहेको छ । यो व्यवस्थालाई 'छिनुवा पास' भनिन्छ । ऋणीले तोकिएको समयमा साँवा र ब्याज चुक्ता गरे साहुले ऋणीको जमिन फिर्ता गर्छ । साँवा र ब्याज फिर्ता गर्न नसके जमिन सधैंका लागि साहुको हुन्छ । रामराजीको परिवारले १६ धुर जमिन मात्र साहुको नाममा पास गरिदिने सहमति गरेको थियो, तर उनीहरूको अशिक्षा र कानुनी अज्ञानताको फाइदा लिँदै साहुले पुरानो दस धुर जमिनसमेत आफ्नो नाममा गरायो । निर्धारित मितिसम्म परिवारले नौ लाख मात्र तिर्न सक्यो । महाजनले भने सात लाख साँवाको ब्याजसहित ४० लाख तिर्न दबाब दियो । त्यति ठूलो रकम बुझाउन सक्ने अवस्थामा उनीहरू थिएनन् । रामराजीको परिवार सबै सम्पत्ति गुमाउन बाध्य भयो । रामराजी लहरीको परिवारको सर्वहाराकरणको कथा आदिम सञ्चयको 'क्लासिक' उदाहरण हो । पछिल्लो समय विकराल बन्दै गइरहेको मिटरब्याजको प्रकोपबाट सर्वहाराकरण भएको रामराजीको परिवार एक्लो होइन । मिटरब्याजबाट घरजग्गा गुमाउनेको यकिन तथ्यांक उपलब्ध छैन । मिटरब्याजविरुद्ध संघर्ष गरिरहेको मजदुर किसान संघर्ष समितिको आकलनमा देशभर चार लाख घरपरिवार मिटरब्याजबाट प्रत्यक्ष पीडित छन् ।

नेपालमा मिटरब्याजी ऋण मौलाउनुको निश्चित आर्थिक आधार छन् । नवउदारीकरणको लहरले निम्त्याएको शिक्षा र स्वास्थ्य क्षेत्रको निजीकरण मिटरब्याजी ऋणको प्रमुख आधारशिला हो । निजीकरणसँगै आकासिएको शिक्षा र स्वास्थ्य सेवाको शुल्क तिर्नका लागि मान्छेहरूले घरजग्गा बन्धकी राखेर ऋण लिनुपर्ने बाध्यता छ । प्राध्यापक पटनायक शिक्षा र स्वास्थ्य सेवाको निजीकरण र उच्च शुल्कलाई आदिम सञ्चयको एउटा रूप मान्दछन् । वैदेशिक रोजगारीमा जानका लागि पनि मान्छेहरूले मिटरब्याजमा ऋण लिने गरेका छन् । विदेश गएर कमाउने पैसाभन्दा देशमा लिएको ऋणको मिटरमा चढ्ने ब्याज धेरै हुने हुँदा उनीहरूले घरखेत गुमाइरहेका हुन्छन् । देशभित्रै व्यापार र साना उद्योग सञ्चालन गर्नका लागि पनि मान्छेहरूले ऋण लिने गर्दछन् । बहुराष्ट्रिय कम्पनीहरू र देशभित्रैका ठूला पुँजीसँग प्रतिस्पर्धा गर्न नसक्दा साना उद्योग र व्यापार टाट पल्टिरहेका छन् । यसबाट पुँजीको दोहोरो केन्द्रीकरण भइरहेको छ, पहिलो साना कम्पनीहरूको पुँजीको ठूला कम्पनीमा केन्द्रीकरण र दोस्रो, ऋणीको घरखेतको महाजन र पुँजीपतिहरूमा केन्द्रीकरण ।

मिटरब्याजविरुद्ध मजदुर किसान संघर्ष समितिको काठमाडौंकेन्द्रित आन्दोलनको दबाबमा परेको सरकारले गृह मन्त्रालयका सहसचिव डा. भीष्म भुसालको संयोजकत्वमा मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदल गठन गरेको थियो । उक्त कार्यदलको प्रतिवेदनमा उल्लिखित मिटरब्याजीविरुद्धका १९३७ वटा उजुरीको विश्लेषण गर्दा मिटरब्याज र जमिनको मूल्यको साइनो खोज्न धेरै मिहिनेत गर्नुपर्दैन । उजुरी संख्या कुल पीडितहरूको संख्याको तुलनामा सानो भए तापनि यसले नमुनाको रूपमा काम गर्न सक्छ । १९३७ वटा उजुरीहरूमध्ये १३३० वटा उजुरी (६९ प्रतिशत) मधेस प्रदेशबाट छन्, जहाँ जमिनको मूल्य उच्च छ । अन्य प्रदेशमा पनि उजुरी उल्लेख्य रूपमा तराई क्षेत्रबाटै छन् । कोसी प्रदेशमा झापा, मोरङ, सुनसरी र उदयपुरबाट मात्र उजुरी परेको छ । यी क्षेत्र कोसी प्रदेशमा जमिनको मूल्य उच्च भएका जिल्ला हुन् । पहाडी क्षेत्रमा मिटरब्याज सहर र आसपासका क्षेत्रमा मौलाएको छ, जहाँ जमिन महँगो छ ।

सारमा मिटरब्याजले ठूलो संख्यामा मानिसलाई जमिन र सम्पत्तिबाट जबर्जस्ती उठाएर आमसर्वहाराकरणको प्रक्रियालाई अगाडि बढाइरहेको छ । कार्ल मार्क्सले आलोचना गरेको आदिम सञ्चयको प्रक्रिया नेपालजस्ता देशमा भर्खरै मात्र सघन रूप लिँदै छ । आदिम सञ्चयले औद्योगिक देशहरूमा पारेको प्रभाव

> १६औँ शताब्दीमा बेलायतका गाउँबाट सर्वहारा बनाइएर लखेटिएका मान्छेले आफ्नै देशका सहरमा मजदुरी गर्न पाउँथे । आजको चीनमा पनि गाउँबाट बलपूर्वक लखेटिएको वर्गले सहरमा रोजगारी पाइरहेको छ । नेपालको सन्दर्भमा भने मिटरब्याज वा अन्य बहानामा सर्वस्व गुमाएका मान्छेका लागि देशभित्रै मजदुरी गरेर जीवनयापन गर्नका लागि उद्योग-व्यवसाय पर्याप्त मात्रामा छैनन् ।

र नेपालजस्ता देशहरूमा पार्ने प्रभाव फरक हुन्छ । १६औँ शताब्दीमा बेलायतका गाउँबाट सर्वहारा बनाइएर लखेटिएका मान्छेहरूले आफ्नै देशका सहरमा मजदुरी गर्न पाउँथे । आजको चीनमा पनि गाउँबाट बलपूर्वक लखेटिएका वर्गले सहरमा रोजगारी पाइरहेका छन् । नेपालको सन्दर्भमा भने मिटरब्याज वा अन्य बहानामा सर्वस्व गुमाएका मान्छेका लागि देशभित्रै मजदुरी गरेर जीवनयापन गर्न उद्योग व्यवसाय पर्याप्त मात्रामा छैनन् । गाउँबाट विस्थापित भएका वर्गको एउटा ठूलो संख्या खाडी मुलुक, मलेसिया वा भारतमा रोजगारीका लागि आश्रित भइरहेको छ वा हुनेछ । नेपालजस्ता देशहरूमा चलिरहेको आदिम सञ्चयको प्रक्रियाले अन्तर्राष्ट्रियस्तरमा श्रमको आपूर्तिका लागि भूमिका खेलिरहेको छ । बाँकी मान्छे बिस्तारै देशभित्रकै सहरमा छिर्दै छन् । सहरका सुकुमबासी वस्तीहरूको आयतन बढ्ने प्रक्रियामा छ । हाम्रा सहर फेरि पनि ती मान्छेलाई पर्याप्त रोजगारी प्रदान गर्न सक्षम छैनन् । सहरी सुकुमबासी वस्तीहरू बेरोजगारको फौज बस्ने ब्यारेकमा तब्दिल हुँदै छन् । सहरहरूले अन्तर्द्वन्द्वको नयाँ आयामसँग साक्षात्कार गर्नुपर्ने छ । कुनै सन्की छोटे शासकको डोजरले यो अन्तर्द्वन्द्वलाई समाधान गर्न सक्ने ल्याकत राख्दैन ।

मार्क्सका अनुसार प्रत्यक्ष उत्पादकको निजी सम्पत्तिलाई बलपूर्वक कब्जा गरेर पुँजीवादी निजी सम्पत्तिको निर्माण हुन्छ । यो पहिलो निषेध हो । समाजवादी आन्दोलनको आँधीहुरीले पुँजीवादी निजी सम्पत्तिलाई निषेध गरेर सामूहिक स्वामित्वको समाजवादी सम्पत्तिको निर्माण गर्नेछ । यो दोस्रो निषेध हो । द्वन्द्ववादमा यसैलाई 'निषेध'को नियम भनिन्छ । मिटरब्याजपीडितहरूको आन्दोलनले समाजवादी सम्पत्ति निर्माणको आन्दोलनको दिशा पक्रिन्छ कि अहिलेकै आर्थिक व्यवस्थामा गुमेको निजी सम्पत्ति पुनर्स्थापनामा मात्र केन्द्रित हुन्छ भन्ने कुराले आन्दोलन र स्वयं पीडितहरूको भविष्यलाई निर्धारण गर्नेछ ।



भ्क्याप्पै !

रवि मिश्र
@rabimishra



लालबहादुरको क्रान्ति



परिविक्रम
sahitikvikram@gmail.com
कविता

कमरेड
लालसलाम !
म लालबहादुर दमाईं ।

चिन्नुभयो ?

म त गाउँको त्यही दमाईं
जो गरिबीकै गरुँगा पाउ
सिलाइ मेसिनको पयरमा राखेर
सिउँदै थिएँ -
बाहुन-विष्टका भोटाटोपी
विष्टिनीका चोला, बुलाउज

मेरी दमिनी पनि तन्दै थिई
तिनै सुत्ले थाउना-थाउनी

हजुरहरू आउनुभयो -
क भनेर कम्मरको नाप लेख्नेलाई
क बाट कमरेड सिकाउनुभयो
क बाट क्रान्ति सिकाउनुभयो

कमरेड,
म त गाउँको सोझो दमाईं
मैले पनि
हत्केलामा उठेका ठेला भुलें
मुट्ठी पारेर उठाएँ हात
सिकें - लाल सलाम
सिएँ - लाल झन्डा

म त
हलियै भएर
काट्दै थिएँ हँसियाले घाँस
फोड्दै थिएँ हथौडाले चट्टान

हजुरहरू आउनुभयो -
मैले झन्डामा हँसिया-हथौडा राखें

गाउँ-गाउँबाट उठ भन्नुभो
म त गाउँको दमाईं
कहिले सियो लिएर उठें
कहिले बाजा लिएर उठें
उठ्नै नसक्दा पनि
कहिले आवाज लिएर उठें

तारा नभरे बिहान हुन्न भन्नुभो
मैले मेरो छोरालाई चढाएँ

एक-दुई हार हुन सक्छ भन्नुभो
मैले मेरो कोखको गोली खपें

मैले नाप्ने छोडें
मुखियाका हातका लम्बाइ
विस्टिनीका कम्मरका नाप
मैले वर्ग नाप्न थालें
मैले जात नाप्न थालें
मैले विभेदको लम्बाइ नाप्न थालें
र,
सिलाउन थालें
हजुरले भनेजस्तै
हजुरकै डिजाइनअनुसार
सबैलाई फिट हुने 'क्रान्ति'

हजुरको क्रान्तिमा त
न वर्ग हुन्थ्यो,
न जात हुन्थ्यो
न धर्म हुन्थ्यो
न राजा हुन्थ्यो
न रैती हुन्थे
सबैलाई पुग्थ्यो
सबैलाई मिल्थ्यो

म त गाउँको सोझो दमाईं
खै कस्तो क्रान्ति
सिलाउन अह्राउनुभयो
हजुर मात्रै फिट हुने
हजुरलाई मात्र मिल्ने

अचेल -
हररात यही प्रश्नले सुत्न सक्दिनँ कमरेड
मै नअटाउने मैले कस्तो क्रान्ति सिलाएँ ?

मूल्यवृद्धिदर घट्यो, तर कर बढ्दा महँगी नियन्त्रण हुनेमा आशंका


चालू आवमा ७ प्रतिशतभित्र मूल्यवृद्धिलाई नियन्त्रण गर्ने लक्ष्य लिएको सरकारले आगामी आवमा भने ६.५ भित्र कायम राख्ने बताएको छ, चालू आवका पछिल्ला महिनामा मूल्यवृद्धि घटे पनि कर बढाइएकाले महँगी नियन्त्रण हुनेमा आशंका कायमै छ

मिलन विश्वकर्मा / नयाँ पत्रिका

विगतका महिनाहरूमा बढ्दै गएको मुद्रास्फीति (मूल्यवृद्धिदर) वैशाखमा भने घटेको छ। चालू आर्थिक वर्ष ०७९/८० को सुरुदेखि नै मूल्यवृद्धिदर बढी हुँदै मंसिर-पुसमा केही कम भए पनि पुनः बढ्दै गएको थियो। तर, वैशाखसम्म आउँदा मूल्यवृद्धिदर घट्न थालेको हो।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति विषयक प्रतिवेदनअनुसार वैशाखमा नेपालको उपभोक्ता मुद्रास्फीति ७.४१ प्रतिशतमा सीमित भएको छ। गत फागुनमा ७.४४ प्रतिशत रहेको मूल्यवृद्धि चैतमा ७.७६ प्रतिशत पुगेको थियो। तर, वैशाखको मूल्यवृद्धि फागुनको भन्दा पनि कम अर्थात् ७.४१ प्रतिशतमा सीमित भएको हो। यो गत आवको सोही महिनाको तुलनामा पनि कम हो। गत आवको वैशाखमा यस्तो मुद्रास्फीति ७.८७ प्रतिशत रहेको थियो। गत आवको औसत मूल्यवृद्धि भने ६.६२ प्रतिशत रहेको थियो।

वैशाखमा खाद्य तथा पेय पदार्थ मुद्रास्फीति ५.५४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८९ प्रतिशत रहेको छ। यस महिनामा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत मसलामा २६.६१ प्रतिशत, रेस्टुरेन्ट तथा होटेलमा १४.८७ प्रतिशत, खाद्यमा १३.६९ प्रतिशत, दुग्ध तथा अन्डामा १०.४१ प्रतिशत र सुर्तीजन्य वस्तुमा ८.४९ प्रतिशतको मूल्यवृद्धि छ। यस्तै, गैरखाद्य तथा सेवा समूहतर्फ मनोरञ्जनमा १५.७५ प्रतिशत, वस्तु तथा सेवामा १३.०८ प्रतिशत, शिक्षामा १०.५६ प्रतिशत, घरायसी उपयोगका वस्तुमा ९.६५ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणमा ८.२७ प्रतिशतको मूल्यवृद्धि छ। राष्ट्र बैंकका अनुसार वैशाखमा काठमाडौं उपत्यकामा ७.६८ प्रतिशत, तराईमा ७.१५ प्रतिशत, पहाडमा ७.५७ प्रतिशत र हिमालमा ७.१२ प्रतिशतको मूल्यवृद्धिदर रहेको छ।



Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

आन्तरिक अर्थतन्त्र अझै दबाबमा छ

● **डा. प्रकाशकुमार श्रेष्ठ**, कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



नेपालको आन्तरिक अर्थतन्त्र भने दबाबमै छ। राजस्व परिचालन घट्ने, सरकारको आम्दानीभन्दा खर्च बढी हुने, तरलता अभाव, उच्च ब्याजदरलगायतका कारण आन्तरिक अर्थतन्त्र भने दबाबमै छ। यसलाई सुधार हुन भने केही समय लाग्छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले वैशाखमा मूल्यवृद्धिमा सुधार आएको बताए। पेट्रोलियम पदार्थलगायतका वस्तुको मूल्य घट्दा मूल्यवृद्धि नियन्त्रणमा आउन थालेको उनको भनाइ छ। 'आगामी आवको बजेटमार्फत करको दर बढाइएको छ। त्यसले गर्दा मूल्यवृद्धि नियन्त्रणमा ब्रेक लाग्ने सम्भावना छ। यद्यपि, मूल्यवृद्धि करको दरमा मात्रै निर्भर हुँदैन,' उनले भने, 'पेट्रोलियम पदार्थको मूल्यमा पनि भर पर्छ।'

चालू आवमा ७ प्रतिशतभित्र मूल्यवृद्धिलाई नियन्त्रण गर्ने लक्ष्य लिएको सरकारले आगामी आवमा भने ६.५ भित्र कायम राख्ने उल्लेख गरेको छ। कार्यकारी निर्देशक श्रेष्ठले भने, 'तर, त्यो सफल हुन्छ कि हुँदैन भन्ने अहिले नै भन्न सक्ने अवस्था छैन। यद्यपि, मूल्यवृद्धि विस्तार नियन्त्रणमा आउन सक्छ।'

विशेष गरी रुस-युक्रेन युद्धका कारण विश्वभरको आपूर्ति प्रणाली नै प्रभावित हुँदा विश्वभर नै मूल्यवृद्धिदर उच्च छ। पेट्रोलियम पदार्थदेखि खाद्य वस्तुसम्मको मूल्य उच्चदरमा बढेको छ। नेपाल पनि आयातमा निर्भर भएको मुलुक हो। यहाँ पेट्रोलियम पदार्थको खपत पनि उच्च मात्रामा छ। गत आवको सुरुदेखि नै पेट्रोलियम पदार्थको मूल्य बढ्दै गएको थियो। तर, पछिल्लो समय अवस्था सामान्य बन्दै गएपछि मूल्यवृद्धि नियन्त्रण हुने देखिएको हो।

■ चालू आवको मूल्यवृद्धि लक्ष्यभन्दा माथि

चालू आवको १० महिनासम्म आउँदा मूल्यवृद्धि सरकारको लक्ष्यभन्दा माथि पुगेको छ। सरकारले चालू आवमा मूल्यवृद्धिलाई ७ प्रतिशतभन्दा कम राख्ने लक्ष्य राखेको छ। तर, साउनदेखि वैशाखसम्म आउँदा कुनै पनि महिनामा सरकारको लक्ष्यअनुसार मूल्यवृद्धि नियन्त्रण नआएको राष्ट्र बैंकको तथ्यांकले पुष्टि गरेको छ। तथ्यांकअनुसार चालू आवको हरेक महिना मूल्यवृद्धि ७ प्रतिशतभन्दा माथि नै रहेको छ। गत साउनदेखि कात्तिकसम्म मूल्यवृद्धि ८ प्रतिशतभन्दा माथि थियो। त्यसयता भने मूल्यवृद्धि ७ प्रतिशतदेखि ८ प्रतिशतको बीचमा तलमाथि भइरहेको छ। यो १० महिनाको औसत मूल्यवृद्धि भने ७.८६ प्रतिशत रहेको छ।

■ बाह्य क्षेत्र झन् बलियो

वैशाखसम्म आउँदा अर्थतन्त्रको बाह्य क्षेत्र पनि झन् बलियो बनेको छ। गत आर्थिक वर्ष ०७८/७९ को सुरुदेखि नै दबाबमा रहेको बाह्य क्षेत्रमा गत साउन-भदौबाट सुधार देखिन थालेको थियो। वैशाखसम्म आउँदा बाह्य क्षेत्रसम्बन्धी सूचकहरू निकै बलिया भइसकेका छन्।

उच्च मात्रामा आयात बढ्ने, विदेशी मुद्रा सञ्चिति घट्ने, शोधनान्तर स्थिति घाटामा जानेलगायतका कारण गत आवको सुरुदेखि नै बाह्य क्षेत्र दबाबमा थियो। तर, चालू आवको वैशाखसम्म आउँदा यो सहज अवस्थामा आएको हो। घट्दो आयात, बढ्दो रेमिट्यान्स आप्रवाहलगायतका कारण अर्थतन्त्रको बाह्य क्षेत्रसम्बन्धी सूचक अब्बल बन्दै गएको प्रतिवेदनले पुष्टि गरेको छ।

■ १० खर्ब रेमिट्यान्स

यस अवधिमा विप्रेषण आप्रवाह २३.४ प्रतिशतले बढेर १० खर्ब पाँच अर्ब १८ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ०.५ प्रतिशतले बढेको थियो। गत आवको समीक्षा अवधिमा आठ खर्ब ११ अर्ब ७९ करोड रुपैयाँ रेमिट्यान्स आएको थियो।

■ शोधनान्तर नाफा दुई खर्ब १५ अर्ब

समीक्षा अवधिमा देशदेखि बाहिरिने र भित्रिने रकमबीचको अन्तर अर्थात् शोधनान्तर नाफा बढेर दुई खर्ब १४ अर्ब ६७ करोड रुपैयाँ पुगेको छ। गत चैतमा एक खर्ब ८० अर्ब १७ करोड रुपैयाँ थियो। वैशाखमा त्यो झन् बढेको हो। गत आवको सोही अवधिमा भने शोधनान्तर स्थिति दुई खर्ब ८८ अर्ब ५० करोड रुपैयाँले घाटामा थियो।

■ पौने १५ अर्ब विदेशी मुद्रा

समीक्षा अवधिमा नेपालको विदेशी मुद्रा सञ्चिति झन्डै पौने १५ अर्ब पुगेको छ। गत आवको समीक्षा अवधिमा ११ खर्ब ४६ अर्ब ८८ करोड रहेको विदेशी मुद्रा सञ्चिति वैशाखसम्म आउँदा १४ खर्ब ७० अर्ब ३३ करोड पुगेको हो। त्यसले ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने राष्ट्र बैंकको भनाइ छ। विशेष गरी रेमिट्यान्स उच्चदरमा आउँदा विदेशी मुद्रा सञ्चिति बढ्दै गएको हो।

■ चालू खाता घाटा ५४.६७ अर्ब

समीक्षा अवधिमा चालू खाता घाटा केही बढेर ५४ अर्ब ६७ करोड रुपैयाँ बढेको छ। गत चैतसम्म त्यो ५१ अर्ब ८२ करोड रुपैयाँ पुगेको छ। गत आवको सोही अवधिमा भने चालू खाता पाँच खर्ब ४५ अर्ब ६ करोडले घाटामा रहेको थियो। त्यसअनुसार चालू खाताको घाटा पनि घट्दै गएको देखिन्छ।

सुनचाँदीमा कर बढ्दा व्यवसायी असन्तुष्ट

काठमाडौं / सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत सुनचाँदीमा भन्सारदर बढाइएकोप्रति सुनचाँदी व्यवसायीहरू असन्तुष्ट बनेका छन्। शुक्रबार नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंघले संयुक्त पत्रकार सम्मेलन गरेर विलासिताका वस्तुमा २ प्रतिशत कर लगाएकोप्रति असन्तुष्ट बनेका हुन्।

सरकारले विदेशबाट आउने पुरुषले २५ ग्राम र महिलाले ५० ग्राम सुनका गहना ल्याउन पाउने र त्यसमा पनि रसायनसहितका गरगहना हुनुपर्ने विभेदकारी नीति लिएको महासंघ अध्यक्ष मणिकरत्न शाक्यले बताए। उनले भने, 'भन्सारदरमा गरिएको अस्वाभाविक वृद्धिका कारण नेपाली सुनचाँदी व्यवसायी संकटमा पर्ने अवस्था आयो, सरकारले सम्बोधन गर्नुपर्छ।' बजेटले सुनचाँदीको आयातमा लाग्ने भन्सारदरमा ५० प्रतिशत वृद्धि गरेको छ। परम्परागत र रैथाने व्यवसायलाई प्रवर्द्धन गर्ने भनिएको बजेटको नीतिको ठीकविपरीत भएको व्यवसायीको भनाइ रहेको छ।

बजेट भाषणअधिसम्म नेपालमा १० प्रतिशत भन्सार लाग्दा प्रतिकिलो सुनमा आठ लाख ५० हजार रुपैयाँ र प्रतिकिलो चाँदीमा आठ हजार पाँच सय भन्सार लाग्दै आएको व्यवसायीको भनाइ छ।

बजेट कार्यान्वयनमा रुपन्देहीका उद्योगी-व्यवसायीको आशंका



बुटवल / रुपन्देहीका उद्योगी-व्यवसायीले सरकारले प्रस्तुत गरेको बजेटमा केही सुझाव सम्बोधन भए पनि त्यसको कार्यान्वयन सन्तोषजनक नहुने आशंका व्यक्त गरेका छन्। बजेटका विषयमा भएको छलफलमा सहभागी व्यवसायीले बजेट राजस्वमुखी देखिएको तथा उद्योग क्षेत्रका समस्या समाधानका लागि उत्साहजनक नरहेको निष्कर्ष निकालेका हुन्।

रुपन्देही उद्योग संघले ०८०/८१ को बजेटले उद्योग-व्यवसाय क्षेत्रमा पारेको प्रभावका सन्दर्भमा गरेको अन्तर्क्रियामा संघका अध्यक्ष परिषद्का संयोजक तथा पूर्वअध्यक्ष एजाज आलमले राज्यले उद्योगी-व्यवसायीसँग कर र राजस्व कसरी उठाउने भन्ने कुरामा मात्र ध्यान दिएको, तर उनीहरूलाई राहत र सुविधा दिने कुरामा सधैं आँखा चिम्लने गरेको बताए।

राज्यको कतिपय गलत नीतिले स्वदेशी उद्योगहरू धराशायी हुने अवस्थामा पुगेको र बजेट कार्यान्वयनमा राज्यको कमजोरीले उद्योग क्षेत्रको विकास हुन नसक्ने उनको भनाइ थियो।

सरकारले बजेटमार्फत गर्ने कतिपय नीति र कार्यक्रमले कार्यान्वयनमा समस्यासँगै उद्योग क्षेत्रलाई अस्थिर बनाउने गरेको गुनासो उद्योगीहरूले राखे। उनीहरूले राष्ट्रको औद्योगिक विकासका लागि आवश्यक पर्ने नीति र कार्यक्रमलाई निश्चित अवधि र लक्ष्य बनाएर स्थायी प्रकारले अगाडि बढाउने कुरामा ध्यान दिनुपर्ने सुझाव पनि दिए। संघका अध्यक्ष माधवप्रसाद पौडेलले संघले प्रत्येक वर्षजस्तै यस वर्ष पनि सरकारले ल्याएको बजेट र त्यसले उद्योग-व्यवसाय क्षेत्रमा पार्ने प्रभाव एवं नयाँ नीतिबारे जानकारी लिने उद्देश्यले अन्तर्क्रिया गरेको बताए। सरकारले बजेट तर्जुमा गर्दा राय-सल्लाह लिने गरेको भए पनि उद्योगका समस्या समाधानका लागि बजेटमा उत्साहजनक विषयहरू नराख्ने गरेको भन्दै छिटो-छिटो नीतिमा गरिने परिवर्तन र साना तथा मझौला उद्योगहरूको प्रवर्द्धनमा कार्यक्रमहरू नराखिने प्रवृत्ति यसपटक पनि कायमै रहेको उनको भनाइ थियो।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष दिलीप सापकोटा, महासचिव हरिबहादुर खत्री, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, रुपन्देहीका सचिव सिए सगुन खनाल, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ, रुपन्देहीका अध्यक्ष प्रदीप भट्टराईलगायतले बजेटका सम्बन्धमा धारणा राखेका थिए।

'दिगो लक्ष्य प्राप्त गर्न बिमा क्षेत्रको भूमिका महत्त्वपूर्ण'

काठमाडौं / अर्थमन्त्री डा. प्रकाशशरण महतले दिगो विकासको लक्ष्यलाई सुनिश्चितता गर्नका लागि बिमा क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने बताएका छन्। नेपाल बिमा प्राधिकरणले काठमाडौंमा आयोजना गरेको एसियाली बिमा सम्मेलनको उद्घाटन गर्दै बिमा क्षेत्रको महत्त्वका बारेमा बताएका हुन्।

प्राकृतिक प्रकोप, आर्थिक उतारचढाव, साइबर चुनौतीलगायतका नयाँ-नयाँ जोखिमहरूले बिमा क्षेत्रमा मात्र नभई व्यक्तिगत, सामाजिक र व्यावसायिक सुरक्षामा समेत प्रभाव पारेको अर्थमन्त्री महतले बताए। 'बिमा क्षेत्रका नियामक निकायहरूले परिवर्तित जोखिमहरूलाई सम्बोधन गर्नका लागि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ,' उनले भने, 'प्रभावकारी नियमनका लागि आपसी सद्भाव अभिवृद्धि, उत्कृष्ट अभ्यासको आदान-प्रदान र सामूहिक सिकाइ आवश्यक छ।'

बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपाल सरकारले वित्तीय नीतिमा बिमालाई प्राथमिकता दिँदै आएको उल्लेख गर्दै कृषि बिमाको प्रवर्द्धन, लघुबिमालाई प्रोत्साहन र बिमाको पहुँच वृद्धिका लागि समावेशी बिमाजस्ता नयाँ नीतिहरू कार्यान्वयनमा ल्याएको जानकारी गराए। बिमा क्षेत्रका नियामकले नयाँ प्रविधिको प्रयोग, बिमितको संरक्षण र बजारमा स्वच्छ अभ्यासको प्रवर्द्धन तथा बिमाको पहुँच वृद्धि गर्ने किसिमले जोखिम व्यवस्थापन रणनीतिहरूको प्रभावकारी ढाँचा विकास गर्नुपर्ने उनको धारणा थियो।

सम्मेलनको दोस्रो दिनको सत्रमा जलवायु परिवर्तनका चुनौती र बिमा क्षेत्रको भविष्य, जलवायु परिवर्तनको जोखिमका सन्दर्भमा नियामक निकाय, बिमक र पुनर्बिमकको भूमिका, भूकम्प बिमाका सम्बन्धमा एसियाको अनुभव तथा कृषि बिमाको विकास र अभ्याससम्बन्धी कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। बिहीबार पहिलो सत्रमा विभिन्न देशका बिमा क्षेत्रका नियामक निकायहरूका पदाधिकारीहरूको सहभागिता रहेको थियो। पहिलो सत्रमा नेपाली बिमा क्षेत्र तथा नियामकीय ढाँचा, जोखिममा आधारित समाधान कार्यान्वयन, जोखिममा आधारित पुँजीगत ढाँचा, बिमा क्षेत्रमा नयाँ डिजिटल प्रविधि र बिमा व्यवसायको विकासका लागि नियामक निकायहरूको क्षमता अभिवृद्धिसम्बन्धी कार्यपत्रहरू प्रस्तुत गरिएका थिए।

शनिबारसम्म चल्ने सम्मेलनमा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, भुटान, कम्बोडिया, इन्डोनेसिया, माल्दिभ्स, थाइल्यान्ड, मकाओ, जोर्डन, मलेसिया, फिलिपिन्स, सिंगापुर, जापानलगायत २० देशको सहभागिता छ। ती देशबाट बिमा क्षेत्रका नियामक निकायका पदाधिकारी, बिमा क्षेत्रसँग सम्बन्धित निकायका पदाधिकारी, बिमा कम्पनी, पुनर्बिमा कम्पनी, बिमा सर्भेयर, बिमा अभिकर्ता, बिमांकी, बिमा ब्रोकर, बिमाविज्ञ र विभिन्न बिमा सेवाप्रदायक संघ-संस्थाका पदाधिकारीको सहभागिता रहेको छ।

यातायातका समस्या समाधानको योजना

काठमाडौं / यातायात क्षेत्रको अस्तव्यस्तता कम गर्न भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले 'सहकार्य, समन्वय र एक्सन' नामक योजना सुरु गरेका छन्। ट्राफिक प्रहरी, स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा यातायात क्षेत्रका १० समस्या तत्काल समाधान गर्न अभियान सुरु गरिएको हो।

शुक्रबार ट्राफिक प्रमुख एआइजी मीरा चौधरी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ, बागमती प्रदेशका श्रम, रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्साल, सबै प्रदेशका विभागीय सचिव तथा प्रतिनिधि, मन्त्रालयका सचिव, सहसचिवसँग मन्त्री ज्वाला र राज्यमन्त्री नन्दा चापागाईंले छलफल गरेका थिए।

सवारीचालक अनुमतिपत्रको छपाइ, सवारीसाधनको अभिलेखीकरण, व्यवस्थापन, अनलाइन सवारी दर्ता तथा लाइसेन्स नवीकरण, सवारीसाधन रुट परमिट, परीक्षणकालीन सवारीचालक अनुमति पत्रलगायतका समस्या समाधानका लागि अभियान सुरु गरिएको हो।

कर्जा चुक्ता भुक्तान गर्ने २१ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०२/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

तपसिलमा उल्लेखित तपाई ऋणीले यस एसएनएस कोअपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय, चितवन मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय डिल्लीबजार, काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा प्रचलित कानुन तथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको कर्जा असुली नियमावली २०७६ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणी : दुर्गा अधिकारी
पति : रमेश चन्द्र अधिकारी
ससुरा : काशिनाथ अधिकारी
ना.प्र.नं. : ३५१०२२/६५९४
जारी मिति : २०६९/०३/२२ (चितवन)
ठेगाना : चितवन जिल्ला साविक भरतपुर नगरपालिका वडा नं. १४, बस्ने।



व्यक्तिगत धनजमानिकर्ता : रमेश चन्द्र अधिकारी
बुबा : काशिनाथ अधिकारी
ना.प्र.नं. : ५३५/१८९०
जारी मिति : २०४२/१/१९ (चितवन)
ठेगाना : चितवन जिल्ला साविक भरतपुर नगरपालिका वडा नं. १४, बस्ने।

धितोको विवरण

❖ दुर्गा अधिकारीको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला साविक भरतपुर नगरपालिका वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. ९१४८ को जम्मा क्षेत्रफल १३४.७६ वर्गमिटरको जग्गा र उक्त जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

नेपाल सरकार साविक डिभिजन सहकारी कार्यालय हाल: सहकारी विभागबाट इजाजत प्राप्त संस्था
SNS CO-OPERATIVE LTD.
एसएनएस को-अपरेटिभ सर्भिस लि.
SNS CO-OPERATIVE SERVICE LTD.
Head Office
Dillibazar, Kathmandu
Tel: 015900725

हार्दिक समवेदना



जन्म
वि.सं. २०१२/११/०२

स्वर्गारोहण
वि.सं. २०८०/०२/२५

स्व. प्रा.डा.रामकेवल शाह

यस प्रतिष्ठानका संस्थापक उपकुलपति **प्रा.डा. रामकेवल शाह** ज्यूको मिति २०८०/०२/२५ गते विहीवारका दिन असामयिक स्वर्गारोहण हुनु भएकोले हामी स्तब्ध भएका छौं। यस दु:खद् घडीमा शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं।

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, परिवार
मधेश प्रदेश, जनकपुरधाम

चेतनको धैर्यता र पुलिसको छलाङ

१६औँ चरणसम्म रेलिगेसनमा रहेको पुलिसलाई प्रशिक्षक चेतन घिमिरेले लिगको तेस्रो स्थान रक्षा गराएका छन्

रमेश सुवेदी/नयाँ पत्रिका

मिहिनेत, लगनशील र धैर्यताले मान्छेलाई उचाइसँगै सफलता दिलाउँछ। नेपाल पुलिस क्लबका प्रशिक्षक चेतन घिमिरेलाई यतिबेला यस्तै लागेको छ। चेतनले पहिलोपटक पुलिस क्लब हेर्ने अवसर पाएका थिए। उनले कठिन अवस्थाबाट पुलिसलाई सहिद स्मारक 'ए' डिभिजन लिगमा तेस्रो स्थान पक्का पारे। १२ महिना अभ्यास प्रदान गरेको पुलिसको व्यावसायिक फुटबलमा बिस्तारै चाम घट्दै गएको छ। कुनै समय लगातार तीनपटक लिग उपाधि जितेको पुलिसले युवा तथा चर्चित खेलाडीमाथि नजर राखेन। लिग सुरु हुनु केही समयअगाडि मात्र घिमिरेले महत्त्वपूर्ण प्रशिक्षणको जिम्मेवारी पाए।



यसअघि अनन्तराज थापाले लगातार पाँच वर्ष पुलिसलाई हेरेका थिए। थापा अहिले राष्ट्रिय महिला टोलीका मुख्य प्रशिक्षक बनेका छन्। १९ फागुनअघि आईजिपी कपबाट चेतनले लिगमा सहभागिता जनाउन नयाँ अनुहारलाई खेलाउने निर्णय गरे। लिगमा अनुभवविहीन खेलाडीका साथमा अगाडि बढेको पुलिसले लगातार चार खेलमा हारको सामना गऱ्यो। अन्ततः पाँचौँ खेलमा पुलिसले एक अंक बटुल्यो। रमाइलो पक्ष के थियो भने पुलिस १६औँ चरणसम्म रेलिगेसन क्षेत्र (१४औँ स्थान)मा थियो।

यस अवस्थाबाट पूर्वच्याम्पियन क्लबलाई रेलिगेसन क्षेत्रबाट उकास्नु चानचुने चुनौती थिएन। धैरैले भनिसकेका थिए, यसपटक पुलिस 'रेलिगेसन'मा पर्छ। तर, त्यसपछिका दशौँ खेलमा पुलिसले उत्कृष्ट पुनरागमन गर्दै तेस्रो स्थानमा लिग सकाएको छ। पुलिसको सफलताको पछाडि धैरै हदसम्म प्रशिक्षक चेतनको योगदान छ। उनले आफ्नो मात्र नभएर खेलाडीलाई समेत धैर्यपूर्व खेल्न सिकाए।

'खेलाडीबीच तालमेल मिल्दा र धैर्यतापूर्वक खेल्दा पुलिसले आज यो स्थान प्राप्त गरेको हो,' ३५ वर्षीय चेतनले भने, 'पछिल्लो समय हामी लिगकै एक शक्तिशाली टोली बन्यौँ।' लिगको २६औँ खेलमा लिजेन्ड भोला सिलवाल र जुमानु राईको सुखद बिदाइसँगै शुक्रबार पुलिसले सातदोबाटो युथलाई १-० ले हराउँदै तेस्रो स्थान पक्का गरेको हो। स्वयं यस नतिजालाई उनी विश्वास गर्दैनन्। प्रशिक्षकको जिम्मेवारी पाउँदा उनले पुलिसलाई आठौँ स्थानमा राख्ने बताएका थिए। 'सुरुमा आठौँ स्थानको लक्ष्यमा थियौँ,' चेतन भन्छन्, 'खेलाडीको आत्मविश्वास, मिहिनेत र चुस्त व्यवस्थापनका कारण हामी तेस्रो स्थानमा रह्यौँ।'



विदेशी खेलाडीको प्रभाव

नेपाली फुटबलमा पुलिसको फरक पहिचान छ। एक दशकअघिको मात्र कुरा गर्ने हो भने पुलिसका नियमित र बेन्चमा रहेका अधिकांश खेलाडी राष्ट्रिय टोलीका नै हुन्थे। तर, अहिले अवस्था फरक छ। कुनै समय राष्ट्रिय टोलीका खेलाडीको हालीमुहाली हुने पुलिसको ड्रेसिङ रुममा अहिले राष्ट्रिय टोलीका खेलाडी छैनन्। लिगको सुरुवाती चरणमा कठिन अवस्थामा रहेको पुलिसले विदेशी खेलाडी भित्र्याउने योजना बनायो।

लगातार तेस्रो हारपछि पुलिसभित्र पनि विदेशी खेलाडी राख्ने दबाब बढ्यो। यसमा व्यवस्थापकदेखि पूर्वखेलाडीले विदेशी खेलाडी राख्न सुझाव दिए। लिगमा आफ्नो साख रक्षा गर्न पुलिसको व्यवस्थापनले पहिलोपटक केही विदेशी खेलाडी अनुबन्ध गऱ्यो। सातौँ चरणमा घानाका मोसेज ग्याम्बा र जोय आइडुको आगमनसँगै पुलिसले जित दर्ता गऱ्यो।

नवौँ चरणमा नाइजेरिका सर्ज डिका र भारतका मोहम्मद आसिकले दसौँ चरणमा पुलिसबाट डेब्यु गरे। त्यसपछि पुलिसले लेबनानका मोहम्मद हिजाजीलाई समेत अनुबन्ध गऱ्यो। स्तरीय विदेशी खेलाडीको साथ पाउँदा पुलिसले सहजै आफ्ना बलिया र मध्यम स्तरका प्रतिद्वन्द्वीलाई निराश बनाए।

पहिलो चरणमा विदेशी खेलाडी नहुँदा पुलिसले आफ्ना भेट्रान खेलाडीहरू जुमानु राई, भोला सिलवाल र सुमन सुवेदीलाई प्रतिस्पर्धा गराएको थियो। 'युवा खेलाडीबाटै नतिजा निकाल्ने योजना थियो, फेरि अरू टोलीमा विदेशी खेलाडीको प्रभाव बढ्दै जाँदा युवा खेलाडीबाट धान्न सकिएन,' घिमिरेले स्मरण गरे, 'जब विदेशी खेलाडीको मैदान प्रवेशसँगै दबाब कम मात्र भएन, नतिजा अनुकूल आयो।'

प्रशिक्षकमै खुसी

चोटकै कारण चेतनले स्टार खेलाडी बन्ने धोको पूरा गर्न सकेनन्। नेपालको उमेर समूह हुँदै उनले राष्ट्रिय टोलीबाट ११ क्याप जिते। जब्बर स्ट्राइकरका उपमा पाएका चेतन घुँडाको चोट बोके। उनी मैदान फर्कन सकेनन्। लामो समय मैदानमा बिताउने चेतनको सपना पूरा हुन सकेन। नेपालको यू-१४, यू-१७ र यू-१९ टोलीका सदस्य बनेका चेतनले साफ च्याम्पियनसिप र दक्षिण एसियाली खेलकुद साग, एएफसी च्यालेन्ज कप, एएफसी प्रेसिडेन्ट कप खेलेका थिए। फुटबल करिअरपछि प्रशिक्षक बन्ने रहर पूरा गर्न उनले डी, सी र बी हुँदै ०७६ सालमा एएफसी 'ए' लाइसेन्स प्राप्त गरे। उनले एएफसी गोलरक्षक लबर १ को कोर्स गरेका छन्। यसबीचमा उनले पुलिसको महिला फुटबल टोली र राष्ट्रिय महिला टोलीको सहायक प्रशिक्षकको समेत अनुभव लिए। 'चोटका कारण लामो समय खेल्ने धोको थियो, तर चोटकै कारण गुमाए,' चेतन भन्छन्, 'तर, प्रशिक्षकका रूपमा आफूलाई उभ्याएको छु। लिग हेर्दा अनुभव कम थियो, अब यही पेसामा ध्यान दिन्छु।'

बढुवा भएकै वर्ष खुमलटार रेलिगेसनमा

नयाँ पत्रिका
काठमाडौं, २६ जेठ

शीर्ष डिभिजनमा प्रवेश गरेको वर्ष खुमलटार युथ क्लब 'बी' डिभिजनमा घटुवा भएको छ। दशरथ रंगशालामा नेपाल एपिएफलाई ४-० ले हराउँदै फ्रेन्ड्स क्लबले रेलिगेसन हुनबाट जोगिएको छ। फ्रेन्ड्सलाई जित दिलाउन टोरिक जेब्रिन, विकास थापा, राफिक अमिनु र अख्बोबेक उक्तामोभले समान एक गोल गरेका थिए।

फ्रेन्ड्ससँगको हारले विभागीय क्लब एपिएफको रेलिगेसन बढेको छ। एपिएफले शनिबार थ्री स्टार र जावलाखेल युथबीचको खेलको नजिता प्रतीक्षा गर्नुपर्छ। जावलाखेलसँग पराजित या बराबर भए पूर्वविजेता थ्री स्टार पहिलोपटक दोस्रो डिभिजनमा घटुवा हुनेछ। थ्री स्टार विजयी भए एपिएफ ०६३ पछि पहिलोपटक 'बी' डिभिजनमा घटुवा हुनेछ। 'गणितीय हिसाबमा 'ए' डिभिजन हैसियत कायमै छ, हामी 'ए'मा रहने वा 'बी' डिभिजनमा जाने निर्णय थ्री स्टारको हातमा छ,' एपिएफका प्रशिक्षक रत्नकाजी महर्जनले भने, 'हाम्रो 'ए' डिभिजन जोगिने सम्भावना कम छ।'

एपिएफको लिगको सुरुवातदेखि नै स्थिर प्रदर्शन हुन नसकेको उनले बताए। 'लिगमा सुरुवात राम्रो भएको थियो, तर त्यसपछि हामीले खेल्न सकेनौँ,' महर्जनले समीक्षा गर्दै भने, 'अन्तिम दुईमा हामीलाई मौका थियो, तर हामीले मौकाको सदुपयोग गर्न सकेनौँ।'

> 'बी' डिभिजन लिगको उपविजेता हुँदै शीर्ष डिभिजनमा बढुवा भएको वर्ष नै खुमलटार युथ क्लब रेलिगेसनमा परेको छ, अब थ्री स्टार र एपिएफमध्ये एक घटुवा हुनेछ



तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

अंक तालिका

स्थान	क्लब	खेल	जित	ड्र	हार	अंक
१	चर्च ब्वाइज	२६	१३	९	४	४८
२	मच्छिन्द्र	२५	११	९	५	४२
३	पुलिस	२६	१२	५	९	४१
४	जावलाखेल	२५	१०	७	८	३७
५	सातदोबाटो	२६	१०	५	११	३५
६	आर्मी	२६	८	१०	८	३४
७	एनआरटी	२५	८	९	८	३३
८	मनाङ	२५	७	११	७	३२
९	संकटा	२५	७	१०	८	३१
१०	हिमालयन	२६	७	१०	९	३१
११	फ्रेन्ड्स	२६	७	९	१०	३०
१२	एपिएफ	२६	८	६	१२	३०
१३	थ्री स्टार	२५	६	११	८	२९
१४	खुमलटार	२६	८	३	१५	२७

पाँच रातो कार्ड

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको तनावपूर्ण खेलमा खुमलटार चर्च ब्वाइजसँग २-० ले पराजित भयो। यो हारसँगै खुमलटार 'बी' डिभिजनमा घटुवा भयो। च्याम्पियन चर्च ब्वाइजलाई जित दिलाउन सुशील शाह र जोसेप बेम्पाले समान एक गोल गरेका थिए। खेलमा रेफ्री प्रज्वल क्षेत्रीले पाँच रातो कार्ड देखाए। पहिलो हाफको इन्जुरी समयमा आफूमाथि हातपातमा उत्रिएपछि प्रज्वलले खुमलटारका खेलाडी मनीष थापासहित सचिव बुद्धिबहादुर गुरुङ तथा अफिसियलहरू अन्जन राना क्षेत्री र हरिबोल राउतलाई रातो कार्ड देखाएका थिए।

चारजना नै रेफ्री प्रज्वलमाथि हातपातमा उत्रिएका थिए। दोस्रो हाफमा रेफ्रीले खेल खेलाउन सुरक्षा व्यवस्था बलियो बनाउन माग राखेका थिए। जसका कारण खेल केही समय ढिला सुरु भयो। ४८औँ मिनेटमा चर्च ब्वाइजका गोलरक्षक प्रिसोले दोहोरो पहेँलो कार्ड व्यहोर्दै मैदान छाडे।

लिगमा दुई करोड लगानी गरेको खुमलटारले ३४ गोल गर्दा ५४ गोल व्यहोऱ्यो। शनिबार तीन खेल हुनेछन्। संकटाले न्युरोड टिम एनआरटीको सामना गर्नेछ। मच्छिन्द्रले मनाङ मर्स्याङ्दीविरुद्ध खेल्नेछ। जावलाखेल युथले थ्री स्टारको सामना गर्नेछ।

एमेच्योर खेलाडी सुवासलाई उपाधि



नयाँ पत्रिका
काठमाडौं, २६ जेठ

नेपालका एमेच्योर नम्बर एक खेलाडी सुवास तामाङले सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपको उपाधि जितेका छन्। सूर्य नेपाल गल्फ टुरकै अन्तिम प्रतियोगिताको अन्तिम दिन शुक्रबार सुवासले सात अन्डर ६५ को उत्कृष्ट स्कोर गर्दै दोस्रो स्थानका सदभाव आचार्यलाई चार स्ट्रोकले पछि पारेका थिए। सुवासले समग्रमा २१ अन्डर दुई सय ६७ को स्कोर गरेका थिए। सुवासको यो सिजनको दोस्रो र करिअरको पाँचौँ प्रोफेसनल उपाधि हो। उनले प्रोफेसनल र एमेच्योरतर्फका दुवै उपाधि हात पार्दै सिजनको अन्त्य सानदार रूपमा गरेका छन्।

> एमेच्योरका नम्बर एक खेलाडी सुवास तामाङले सदभाव आचार्यमाथि चार स्ट्रोकको अग्रता लिँदै सूर्य नेपाल प्रिमियर गल्फ उपाधि हात पारे

प्रोफेसनल गल्फरहरूले यसपटक पनि एमेच्योर खेलाडीको चुनौती पन्छाउन सकेनन्। राष्ट्रिय टिमका खेलाडी युवा गल्फर सदभावले एक अन्डर ७१ सहित समग्रमा १७ अन्डर दुई सय ७१ को स्कोरमा दोस्रो स्थान प्राप्त गरे। उनी एमेच्योरतर्फ पनि दोस्रो भए। धरानका नीरज तामाङले समग्रमा १२ अन्डर दुई सय ७६ स्कोर गरी तेस्रो भए। प्रोफेसनलतर्फ उनी पहिलो हुँदै दुई लाख ७० हजार रुपैयाँ प्राप्त गरेका छन्

साबिक विजेता शुक्रबहादुर राईले समग्रमा ११ अन्डर दुई सय ७७ स्कोर गरी चौथो स्थान प्राप्त गरे। प्रोफेसनलतर्फ उनले दोस्रो स्थान हात पारी एक लाख ७० हजार रुपैयाँ जिते। शुक्रबहादुरले नम्बर एक खेलाडीको स्थानलाई जोगाएका छन्। यो सिजन उनले ६ लाख ३४ हजार रुपैयाँ हात पारे। भुवन नगरकोटीले समग्रमा पाँच अन्डर दुई सय ८३ स्कोर गरे। अन्तिम दिनको खेल इभन पार ७२ खेल्दै भुवन पाँचौँ भए। प्रोफेसनलमा तेस्रो स्थान रही उनले एक लाख २० हजार रुपैयाँ हात पारे। समग्रमा तीन अन्डर दुई सय ८५ स्कोरका साथ दिनेश प्रजापति छैटौँ हुँदै एक लाख प्राप्त गरे।

सदभाव अघिल्लो दिन दुई स्ट्रोकले अगाडि

अन्तिम १८ होलको खेल बाकी छँदा सदभावले सुवासमाथि दुई स्ट्रोकको अग्रता लिएका थिए। सुवास र सदभावले फ्रन्ट नाइन समान तीन अन्डर ३३ स्कोर गरेका थिए। दुवैले तेस्रो, सातौँ र नवौँ होलमा बर्डी प्रहार गरे। अन्तिम नौ होलको खेल बाकी छँदा सदभावसँग दुई स्ट्रोकको अग्रता कायमै थियो। ब्याक नाइनमा सदभावले खेल बिगारे। १६औँ होलमा बर्डी प्रहार गरे पनि १०औँ, १३औँ र १४औँ होलमा उनले एक-एक सट खेर फाले। सुवासले १०औँदेखि १३औँ होलसम्म लगातार तीन बर्डी प्रहार गरे। १४औँ होलमा उनले पनि एक सट खेर फाले। पाँच पारको १५औँ होलमा इगलको निकाली उनले ब्याक नाइन चार अन्डर ३२ स्कोर गरी उपाधि आफ्नो नाममा लेखाए।

दुर्लभ कीर्तिमाननजिक पेप

च्याम्पियन्स लिगको फाइनलमा इन्टर मिलानलाई हराउँदा म्यानचेस्टर सिटीका पेप ग्वार्डिओला एकै सिजनमा दुई फरक क्लबलाई तीन उपाधि जिताउने पहिलो प्रशिक्षक बन्ने


लन्डन/ म्यानचेस्टर सिटीका प्रशिक्षक पेप ग्वार्डिओला एक दुर्लभ कीर्तिमाननजिक पुगेका छन्। सिटीले शनिबार राति युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको उपाधि भिडन्तमा सिरी 'ए' क्लब इन्टर मिलानसँग प्रतिस्पर्धा गर्दै छ। इन्टर मिलानलाई पराजित गरे, सिटीका प्रशिक्षक एकै सिजनमा दुई फरक क्लबबाट तीन उपाधि जित्ने पहिलो व्यक्ति बन्नेछन्। सिटीले यस सिजनमा इँग्लिस प्रिमियर लिग र एफए कप जितेको छ। अब सिटीको नजर सिजनको तेस्रो तथा युरोकै सबैभन्दा प्रतिष्ठित फुटबल उपाधि च्याम्पियन्स लिगतर्फ रहेको छ।

प्रशिक्षक पेपले यसअघि बार्सिलोनामा रहँदै तीन उपाधि जितेका थिए। सन् २००९ मा पेप बार्सिलोनका प्रशिक्षक थिए। त्यसवेला बार्सिलोनाले एकै सिजनमा तीन प्रमुख उपाधि हात पारेको थियो। सिटीमा रहँदा पेपले १६ वटा उपाधि हात पारेका छन्। 'अहिले कीर्तिमानभन्दा पनि सिटीलाई पहिलोपटक युरोपकै नम्बर एक टोलीका रूपमा स्थापित गर्न च्याम्पियन्स लिग उपाधि दिलाउनु नै मेरो मुख्य योजना हो,' ५२ वर्षीय स्पेनिस नागरिक पेपले भने।

सिटीले आफ्नो फुटबल इतिहासमा नजितेको उपाधि च्याम्पियन्स लिग मात्रै हो। यसअघि फाइनलमा पुगे पनि सिटी उपविजेतामै सीमित भएको थियो। सिटी र प्रशिक्षक पेपको योजनामा इन्टर मिलान बाधक बन्न सक्छ। इन्टर मिलान एक दशकपछि च्याम्पियन्स लिगको फाइनलमा पुगेको थियो। सिटीले सेमिफाइनलमा सर्वाधिक विजेता स्पेनिस क्लब रियल म्याड्रिडलाई ५-१ ले एकपक्षीय रूपमा पराजित गरेको थियो। इन्टर मिलानले छिमेकी क्लब एसी मिलानलाई हराएको थियो।

आर्सनल तथा बार्सिलोनाका पूर्वखेलाडी थिएरी हेनरीले फुटबल इतिहासमै पेप महान् प्रशिक्षक बन्ने तर्खरमा लागेको बताएका छन्। 'मेरो नजरमा पेप अहिलेसम्मकै उत्कृष्ट प्रशिक्षक बन्न सक्छन्, यदि सिटीले शनिबार राति च्याम्पियन्स लिग उपाधि जित्दा पेपले राखेको कीर्तिमान कसैले पनि तोड्न सक्दैनन्,' थिएरीले भनेका छन्, 'खेलाडी पनि इन्टर मिलानविरुद्ध शतप्रतिशत खेल्ने विश्वास छ।' सिटीका खेलाडी इकाय गुन्डोगानले पेपलाई एक अद्भुत प्रशिक्षकका रूपमा लिएका छन्।

उनी भन्छन्, 'मैले अहिलेसम्म देखेका प्रशिक्षकमध्ये पेप फरक किसिमका छन्।' सिटीका खेलाडी उत्कृष्ट फर्ममा छन्। गत साता एफ 'ए' कपको फाइनलमा सिटीले म्यानचेस्टर युनाइटेडलाई २-१ ले हराउँदै उपाधि हात पारेको थियो। इन्टर मिलानविरुद्ध सिटीले पहिलो सेटमा फर्ममा रहेका खेलाडीलाई पहिलो प्राथमिकतामा राख्नेछ। सिटीलाई समर्थन गर्न शुक्रबार राति नै टर्कीमा हजारौँ समर्थक पुगेका छन्।



खेल संक्षेप

भ्याली पब्लिक दुई उपाधिनजिक


काठमाडौं/ भ्याली पब्लिक प्रथम बिएमसिए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शुक्रबार दुई उपाधिनजिक पुगेको छ। भ्याली पब्लिक सिनियर पुरुष र महिलातर्फ फाइनलमा पुगेको हो। सिनियर पुरुषमा ब्वाइजमा भ्याली पब्लिकले सेन्ट जोसेफलाई ५८-४७ ले पराजित गर्दै ग्रिनल्यान्डसँगको उपाधि भिडन्त पक्का गऱ्यो। ग्रिनल्यान्डले बिएमसिएलाई ४९-३० ले हरायो। महिलातर्फ भ्याली पब्लिकले हिमालयन किङडमलाई ३५-२० ले पाखा लगायो। उपाधिका लागि भ्याली पब्लिकले पृथ्वीविरुद्ध खेल्नेछ।

हिमरश्मिको दोहोरो जित

काठमाडौं/ हिमरश्मिले प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शुक्रबार दोहोरो जित हात पारेको छ। हिमरश्मिले जुनियर पुरुष र सिनियर महिलामा जित निकालेको हो। जुनियर पुरुषतर्फ हिमरश्मिले स्प्रिङ भ्यालीलाई २१-१६ ले पराजित गऱ्यो। सिनियर महिलामा हिमरश्मिले काठमाडौं लिङकनलाई २४-१८ ले हरायो। जुनियर पुरुषमा जीवन ज्योतिले ल्यान्डमार्कलाई १८-१० ले हरायो। सिद्धार्थ मोडेलले रोजमेरीलाई २१-१० को स्कोरमा पराजित गऱ्यो। सिर्जना ज्ञान सागरले काठमाडौं शिक्षालयलाई २४-१६ ले निराश बनायो।

नेपालले फाइभ नेसन्स कप खेल्ने

काठमाडौं/ नेपाली राष्ट्रिय पुरुष बास्केटबल टोलीले माल्दिभ्समा फाइभ नेसन्स पुरुष बास्केटबल च्याम्पियनसिप खेल्ने भएको छ। १४ जुनदेखि २२ जुनसम्म हुन लागेको प्रतियोगितामा नेपालले सहभागिता जनाउने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा नेपाल बास्केटबल संघका कार्यवाहक अध्यक्ष भीमसिंह गुरुङले जानकारी गराए। प्रतियोगितामा नेपालसहित माल्दिभ्स, बंगलादेश, भुटान र पाकिस्तानको सहभागिता रहने बास्केटबल संघका महासचिव नरेन्द्र थापाले जनाएका छन्। खेलाडीमा सदीश प्रधान, विनोद महर्जन, विजय बुर्जा, निकेश राखल मगर, मविन्द्र भण्डारी, अजय कुश्वाहा, दिवेश्वर शाह, आयुश सिंह, निश्चल महर्जन, मनीष केसी, अशिम श्रेष्ठ र श्रेयशबहादुर शाह रहेका छन्।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com